लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22, Apr/May, 2023)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदन पेस	३
२	६० औँ वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरुको प्रस्तुतीकरण	६
३	महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदनमा उल्लेख भएका प्रमुख व्यहोरा तथा तथ्याङ्क	८
४	लेखापरीक्षण सल्लाहकार समितिको आठौं बैठक सम्पन्न	२७
५	अक्सफोर्ड विश्वविद्यालयको सदाचार प्रवर्द्धन कार्यक्रममा सहभागिता	३३
६	महालेखा नियन्त्रकबाट तीनै तहका सरकारको एकीकृत वित्तीय विवरण पेश	३४

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री महेश्वर काफ्ले

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री बालकृष्ण थापा

सदस्य
निर्देशक
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री विधान अर्याल
श्री दिवश शंकर अधिकारी

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री रविन्द्र प्रसाद देवकोटा
सम्पर्क : ९८५१३४०४२०
ईमेल : sp@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१२६८६४६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष २०७९ चैत्र ३० गते माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ (१) बमोजिम महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन, २०७९ पेश गर्नुभएको छ । नेपालको संविधानको धारा २४० बमोजिम २०७४।२।८ मा नेपालको महालेखापरीक्षकमा नियुक्त हुनुभएका माननीय महालेखापरीक्षकज्यूको कार्य अवधिको यो छैठौं तथा अन्तिम वार्षिक प्रतिवेदन हो । वि.सं. २०१६ साल असार १५ गते महालेखापरीक्षकको कार्यालयको स्थापना देखि हालसम्म ६० वटा यस्ता वार्षिक प्रतिवेदनहरु तयार गरिएका छन् । माननीय महालेखापरीक्षकज्यूले तीनै तहका सरकारको आर्थिक कारोवारको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट लेखापरीक्षण सम्पन्न गरी आफ्नो संवैधानिक तथा कानूनी जिम्मेवारी र दायित्वलाई कुशलता पूर्वक निर्वाह गर्दै ५५औं देखि ६०औं सम्म छ वटा वार्षिक प्रतिवेदन पेश गर्नु भएको छ । माननीय महालेखापरीक्षकज्यू आर्थिक वर्ष समाप्त भएको आठ महिनाभित्र अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदन दिनु पर्ने सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय अभ्यासलाई आत्मसात् गर्दै कोभिड १९ महामारीले सिर्जित बन्दावन्दीको प्रतिकूल अवस्थामा ५७औं, ५८ औं र ५९ औं वार्षिक प्रतिवेदन बाहेक सबै प्रतिवेदनलाई सरकारले साल बसाली आर्थिक नीति अगावै

बाँकी पृष्ठ २९ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश

नेपालको संविधानको धारा २४१ अनुसार महालेखापरीक्षबाट तीन तहका सरकारका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानूनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण हुने व्यवस्था रहेको छ । महालेखापरीक्षकको कार्यालयले स्थापनाकाल देखि लेखापरीक्षणबाट देखिएका तथ्य र प्रमुख व्यहोराहरु समावेश गरी संवैधानिक तथा कानूनी व्यवस्था अनुसार वार्षिक प्रतिवेदन पेश गर्दै आएको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (ईन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षण मानदण्ड, सरकारी लेखापरीक्षण मानदण्ड, अन्तर्राष्ट्रिय प्रचलन तथा असल अभ्यासलाई अनुसरण गर्दै भर्खरै साठिऔं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको छ । यो मेरो ६ वर्षे कार्य अवधिको अन्तिम तथा छैठौं वार्षिक प्रतिवेदन हो । यो प्रतिवेदन स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०७९ तथा वार्षिक कार्यतालिका बमोजिम ६ हजार ५४३ निकायहरुको विद्युतीय लेखापरीक्षणमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग गरी जोखिममा आधारित लेखापरीक्षण विधिबाट तयार गरिएको हो । यस कार्यअवधिमा कोभिड-१९ महामारीको कारणबाट सिर्जित असमान्य अवस्थाले गर्दा ५७ औं, ५८औं र ५९ औं गरी ३ वटा वार्षिक प्रतिवेदन बाहेक सबै वार्षिक प्रतिवेदनहरु चैत्र मसान्त भित्र पेश गरिएको छ। संवैधानिक एवं कानूनी व्यवस्था अनुसार तीनै तहका सरकारले आर्थिक वर्षको असार मसान्त भित्र आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट पारित गरिसक्नु पर्छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले उठाएका महत्वपूर्ण नीतिगत, कानूनी तथा प्रक्रियागत विषयहरुलाई सरकारको नीति तथा कार्यक्रम र बजेट मार्फत सम्बोधन गर्न सकिने भएकोले पनि चैत्रमसान्त भित्र वार्षिक प्रतिवेदन पेश गर्नु उपयुक्त हुन्छ भने महालेखापरीक्षकको कार्यालयको समकक्षीबाट हुने मूल्यांकनमा समेत यसले थप सकारात्मक योगदान पुर्याउन सक्दछ ।

यस अवधिमा राज्यको पुनर्संरचनाबाट तीनै तहका सरकारमा संवैधानिक एवं कानूनी रुपमा राज्यशक्तिको बाँडफाँड भई मुलुकको सार्वजनिक आर्थिक प्रशासन, विकास व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीतिगत, कानूनी, संस्थागत तथा संरचनागत क्षेत्रमा परिवर्तन गरिएको छ । राजनीतिक परिवर्तनले नागरिक समाज, संचारकर्मी लगायत सबै सरोकारवाला पक्ष तथा नागरिकका माग, आवश्यकता, चाहना र अपेक्षामा उल्लेखनीय वृद्धि ल्याएको छ । यस्ता पक्षहरुलाई दृष्टिगत गरी लेखापरीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम र प्रतिवेदनलाई समयसापेक्ष सुधार गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक निकायहरुले नागरिकलाई वस्तु तथा सेवा प्रदान गर्दा सार्वजनिक स्रोत साधनको परिचालन तथा प्रयोगमा

बाँकी पृष्ठ १५ मा

महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदन पेश



सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष ६० औँ वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।

३० चैत्र, २०७९

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदन, २०७९ राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक कार्यक्रमकाबीच पेश गर्नु भएको छ ।

प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपतिज्यूले संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण पश्चात तयार भएको "महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन, २०७९" पेश गरेकोमा महालेखापरीक्षकज्यू र लेखापरीक्षणमा संलग्न कार्यालयका सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभएको थियो । नेपालको संविधान अनुसार संघीयता कार्यान्वयनको क्रममा संघ, प्रदेश र स्थानीय तीनै तहमा जननिर्वाचित सरकार गठन भई दोस्रो कार्यकालको चरणमा रहेको हुँदा महालेखापरीक्षकको काममा बढोत्तरी हुँदै गईरहेको बताउनु भयो । सम्माननीय राष्ट्रपतिज्यूले विगत लामो समय देखि सरकारी खर्चमा बढ्दै गएको बेरुजु गम्भीर चासो र सरोकारको

विषय बनेको बताउनु भएको थियो । साथै उहाँले आगामी दिनमा बढ्दो बेरुजु रकमको तदारुकताका साथ फर्स्यौट हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भएको थियो । त्यसैगरी उहाँले सरकारी खर्च रकमको बढ्दो बेरुजुलाई कम गर्दै लाने र आर्थिक मितव्ययीता राख्ने कार्यमा महालेखापरीक्षकको कार्यालयले खेलेको भूमिकाको सराहना गर्दै कार्यालयले आर्थिक अनुशासन कायम राख्न वित्तीय जवाफदेहिता, सदाचारिता र पारदर्शिता प्रवर्द्धनका साथै गुणस्तरीय लेखापरीक्षण सेवा प्रवाहमा व्यवसायिक दक्षता अभिवृद्धि गर्दै अझै प्रभावकारी कदम चाल्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदनमा औँल्याइएका मुख्य व्यहोराबारे माननीय महालेखापरीक्षकज्यूले अवगत गराउनु भएको थियो । प्रतिवेदन पेश गर्दै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण व्यवस्थापन र वार्षिक प्रतिवेदन तयार गर्न अवलम्बन गरिएका विधि र प्रक्रियाका बारेमा उल्लेख गर्दै प्रतिवेदनले मुख्यत: बजेट व्यवस्थापन, बैदेशिक सहायता, राजश्व प्रशासन, योजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, अनुदान व्यवस्थापन र उपयोग, सार्वजनिक सम्पत्तीको उपयोग र संरक्षण, सूचना प्रविधिको उपयोग अवस्था, सार्वजनिक संस्थान व्यवस्थापन, लेखांकन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण एवं अन्तिम लेखापरीक्षण, नियमन व्यवस्था, संघीयता कार्यान्वयन, प्रदेश सरकारको वित्तीय व्यवस्थापन, स्थानीय तहको वित्तीय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, संघीयता कार्यान्वयनका सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम कारबाहीको मूल्यांकन एवं परीक्षण गरी देखिएका व्यहोराको आधारमा प्रतिवेदन तयार गरिएको धारणा व्यक्त गर्नुभएको थियो ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारवाहीका सम्वन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरिएको र त्यसलाई सम्वन्धित प्रदेश प्रमुख समक्ष वैशाखको पहिलो हप्तामा पेश गर्ने कार्य समेत सम्पन्न भएको छ । त्यसैगरी यस वर्ष ७५३ स्थानीय तह मध्ये आर्थिक वर्ष २०७७।७८ को बक्यौता रहेका २ सहित ७५१ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्वन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् । महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदनमा समावेश ६ परिच्छेद अन्तर्गत लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति, लेखापरीक्षणबाट देखिएका समान व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ । साथै सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी छुट्टै महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन, २०७९ सारांश समेत तयार पारिएको छ ।



सम्माननीय राष्ट्रपतिज्यू समक्ष ६० औं वार्षिक प्रतिवेदन पेश गरे पश्चात राष्ट्रपतिज्यूसँग माननीय महालेखापरीक्षकज्यू, उप-महालेखापरीक्षकज्यूहरु र नायव महालेखापरीक्षकज्यूहरु सामूहिक फोटो सेसनमा ।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023



सम्माननीय राष्ट्रपतिज्यू समक्ष ६० औँ वार्षिक प्रतिवेदन पेश गरे पश्चात राष्ट्रपतिज्यूसँग माननीय महालेखापरीक्षकज्यू, प्रतिवेदन तयारी समितिका पदाधिकारीहरु तथा अन्य कर्मचारीहरु सामूहिक फोटो सेसनमा ।



सम्माननीय राष्ट्रपतिज्यू समक्ष ६० औँ वार्षिक प्रतिवेदन पेश गरे पश्चात राष्ट्रपतिज्यूसँग माननीय महालेखापरीक्षकज्यू तथा महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरु सामूहिक फोटो सेसनमा ।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023

६० औँ वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरुको प्रस्तुतीकरण



सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको उपस्थितिमा नेपाल सरकारका मुख्य सचिव, लेखाउत्तरदायी अधिकृतहरु सहभागी कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट ६० औँ वार्षिक प्रतिवेदनका प्रमुख व्यहोरा सहित लेखापरीक्षण तथ्याङ्क तथा सूचना प्रस्तुतिकरण गर्नुहुँदै ।

२० वैशाख, २०८०

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका सबै सरकारी कार्यालय तथा कानून बमोजिम तोकिएका निकायहरुको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी ६० औँ वार्षिक प्रतिवेदन २०७९ चैत्र ३० गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष पेश गर्नु भएको थियो । महालेखापरीक्षकको कार्यालयले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको उपस्थितिमा नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालय तथा आयोगका लेखाउत्तरदायी अधिकृतहरु समक्ष उक्त ६० औँ वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरुको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबारमा प्रस्तुतीकरण कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले प्रतिवेदनमा समावेश संघ, प्रदेश र स्थानीयतहको लेखापरीक्षण गरिएका निकायहरुको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता, भविष्यमा गर्नुपर्ने सुधारका विषयहरुको प्रस्तुतीकरण गर्नु भएको थियो । सो कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन दिन सफल भएकोमा महालेखापरीक्षक एवं महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । यस्तै महालेखापरीक्षकबाट निष्पक्षता एवं स्वतन्त्रतापूर्वक काम सम्पन्न गरी प्रतिवेदन दिएको अनुभूति भएको, आर्थिक प्रशासन तथा वित्तीय सुशासन, विकास र समृद्धिको आधारशिला रहेको, लेखापरीक्षण प्रतिवेदनले विकासको स्तर छर्लङ्ग भएको, लेखापरीक्षण प्रतिवेदनले औंल्याएका त्रुटि कमजोरीहरु उपर समयमै सम्बोधन गरी सच्याउनु पर्ने, आर्थिक कारोवार गर्दा बेरुजु आउनै नदिने गरी कारोवार गर्नुपर्ने, खर्च गर्ने दक्षता वृद्धि गर्नुपर्ने, बेरुजु फस्यौटलाई नेपाल सरकारका मन्त्रालयहरु, निकायहरु तथा महालेखापरीक्षकको कार्यालय समेतको संयुक्त प्रयासमा अभियानको रुपमा अगाडि बढाउनु पर्ने, बेरुजु फस्यौटलाई कर्मचारीको कार्यसम्पादनसँग आबद्ध गर्नुपर्ने लगायतका महत्वपूर्ण निर्देशन तथा सुझावहरु समेत दिनुभएको थियो ।

यसैगरी उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकर दास बैरागीले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता मापन गर्ने औजार रहेको, नेपाल सरकारका निकायहरुको खर्च गर्ने क्षमता न्यून रहेको र खर्च भएको रकममा पनि अनियमितता देखिनु गम्भिर विषय रहेको बताउनु भएको थियो । सो कार्यक्रममा मुख्य सचिव बैरागीले सम्बन्धित मन्त्रालय तथा निकायहरुले बेरुजु फस्यौंट तथा सम्परीक्षणमा थप तदारुकता देखाउनु पर्नेमा जोड दिँदै प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो । उक्त प्रस्तुतीकरण कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका उप महालेखापरीक्षक, नायव महालेखापरीक्षक सहित सम्बद्ध कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



६० औँ वार्षिक प्रतिवेदनका प्रमुख व्यहोरा सहित लेखापरीक्षण तथ्याङ्क तथा सूचना प्रस्तुतिकरण कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूबाट नेपाल सरकारका मुख्य सचिव तथा लेखाउत्तरदायी अधिकृतहरुलाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा निर्देशन प्रदान गर्नुहुँदै ।



६० औँ वार्षिक प्रतिवेदनका प्रमुख व्यहोरा सहित लेखापरीक्षण तथ्याङ्क तथा सूचना प्रस्तुतिकरण पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूसँग माननीय महालेखापरीक्षकज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुको सामूहित फोटो सेसन ।

महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदनमा उल्लेख भएका प्रमुख व्यहोरा तथा तथ्याङ्क

समष्टिगत लेखापरीक्षण

	लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	(रू. करोडमा)
(क)	**वित्तीय लेखापरीक्षण**			
	१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत)		४०६८	२३५६३४
	२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत)		१२१८	३१२७३
	३. स्थानीय तह (बक्यौता २ समेत)		७५१	११०४०१
	४. समिति र अन्य संस्था (प्रदेशतर्फको ९६ समेत)		४३४	१८२२२
	५. संगठित संस्था		७५	३१८२८७
(ख)	**कार्यमूलक लेखापरीक्षण**	६	-	-
(ग)	**वातावरणीय लेखापरीक्षण**	१	-	-
(घ)	**सूचना प्रविधि लेखापरीक्षण**	१	-	-
(ङ)	**विशेष लेखापरीक्षण**	१		
		जम्मा	**६५४६**	**७१३८१७**

यो वर्ष ४ हजार ६८ संघीय मन्त्रालय तथा निकायको रू.२३ खर्ब ५६ अर्ब ३४ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार २१८ को रू.३ खर्ब १२ अर्ब ७३ करोड, स्थानीय तह ७५३ मध्ये ७४९ र गत वर्षको बक्यौता २ समेत ७५१ को रू.११ खर्ब ४ अर्ब १ करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४३४ को रू.१ खर्ब ८२ अर्ब २२ करोड र संगठित संस्था ७५ को रू.३१ खर्ब ८२ अर्ब ८७ करोडसमेत रू.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ६ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको विशेष र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

- **सरकारी बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ र २०७७।७८ को यथार्थ खर्च तथा २०७८।७९ को संघीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रू. लाखमा)

शीर्षक/क्षेत्र	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	७८४१४८९	८४६२१७३	१००४३५८८	९५४३१६७	९५.०२
पुँजीगत खर्च	१८९०८४७	२२८८३६१	४३५२४०३	२१६२१३१	४९.६८
वित्तीय व्यवस्था (साँवा व्याज भुक्तानी)	११७९०१६	१२१६२२६	२०७९७७६	१३९४७१०	६७.०६
जम्मा	**१०९११३५२**	**११९६६७६०**	**१६४७५७६७**	**१३१०००० ८**	**७९.५१**
सामान्य सार्वजनिक सेवा	५२२९४८९	६३४६१६१	४८४०४८५	५२१७६९३	१०७.७९
रक्षा	४९७९१४	५१९१३९	५२११०४	५३२९७०	१०२.२८
सार्वजनिक शान्ति सुरक्षा	५१८६३८	५७०४२९	५८०८२५	७२३८४८	१२४.६२
आर्थिक मामिला	२६४४३६५	२३६०२२९	४४२०९३९	३३१२४६३	७४.९३
वातावरण संरक्षण	१३५९३२	६५९५९	१२५८२६	५४४७६	४३.२९
आवास तथा सामुदायिक सुविधा	३५१८९४	४४९९५२	८०४६९७	३५०५७२	४३.५७
स्वास्थ्य	४०१९५७	४९६१३१	१४१५५२४	७४९३३६	५२.९४
धर्म र संस्कृति	६८४८९	४०६०२	६६९८९	४६९१८	७०.०४
शिक्षा	३९४००९	३७१४५८	१८००४११	४२६१६६	२३.६७
सामाजिक सुरक्षा	६६८६६५	७४६७००	१८९८९६७	१६८५५६६	८८.७६
जम्मा	**१०९११३५२**	**११९६६७६०**	**१६४७५७६७**	**१३१०००० ८**	**७९.५१**

द्रष्टव्य: स्वास्थ्य र शिक्षातर्फको खर्चमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भई हुने खर्च समावेश छैन।

- **खर्चको स्थिति** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका पाँच मन्त्रालय तथा अन्य निकायको खर्च विवरण निम्नानुसार छ:

(रू. लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ मन्त्रालय	१३३२२४६	१३.९६	१	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	७५८०३५	३५.०६
२	गृह मन्त्रालय	८००५८४	८.३९	२	उर्जा, जलस्रोत तथा सिँचाइ	३०७७८५	१४.२४
३	रक्षा मन्त्रालय	६१३८९७	६.४३	३	शहरी विकास	२८००८०	१२.९५
४	स्वास्थ्य तथा जनसंख्या	४८०५९६	५.०४	४	रक्षा मन्त्रालय	१४७९९४	६.८४
५	शिक्षा, विज्ञान तथा प्रविधि	२९०६५९	३.०५	५	खानेपानी	१३४१४६	६.२०
६	कृषि तथा पशुपन्छी	२७६९५९	२.९०	६	गृह	१०२३४१	४.७३
७	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	९०८६६	०.९५	७	शिक्षा, विज्ञान तथा प्रविधि	७७९४५	३.६१
८	शहरी विकास	७०६२८	०.७४	८	संघीय मामिला तथा सामान्य प्रशासन	५८८९१	२.७२
९	निर्वाचन आयोग	५४३७७	०.५७	९	स्वास्थ्य तथा जनसंख्या	३९९८६	१.८५
१०	सञ्चार तथा सूचना प्रविधि	५२१२८	०.५५	१०	सर्वोच्च अदालत	३०५८४	१.४२
११	अन्य मन्त्रालय तथा निकायहरू	५४८०२२७	५७.४२	११	अन्य मन्त्रालय तथा निकायहरू	२२४३४४	१०.३८
	जम्मा	९५४३१६७	१००.००		जम्मा	२१६२१३१	१००.००

चालु र पुँजीगत खर्चवाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब ३९ अर्ब ४७ करोड रहेको छ। प्रदेश र स्थानीय तह ७५३ लाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ।

- **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०७६।७७ र २०७७।७८ को यथार्थ खर्च तथा २०७८।७९ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू. लाखमा)

स्रोत	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	९५१४३०७	९८४५९७३	१२७४९०७३	११५१८१९०	१६.९८
वैदेशिक अनुदान	२३२१५७	३६४८१३	६३३७६२	२७४८१७	-२४.६७
वैदेशिक ऋण	११६४८८८	१७५५९७४	३०९२९३२	१३०७००१	-२५.५७
जम्मा	१०९११३५२	११९६६७६०	१६४७५७६७	१३१००००	९.४७

- ❖ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रू.११ खर्ब ५१ अर्ब ८२ करोडमध्ये राजस्वबाट रू.९ खर्ब ८९ अर्ब ६२ करोड (८५.९२ प्रतिशत) व्यहोरेको छ।
- ❖ यो वर्ष वैदेशिक अनुदानतर्फ १८ निकायअन्तर्गत रू.६३ अर्ब ३८ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.२७ अर्ब ४८ करोड (४३.३६ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १४ निकायअन्तर्गत रू.३ खर्ब ९ अर्ब २९ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.१ खर्ब ३० अर्ब ७० करोड (४२.२६ प्रतिशत) प्राप्त भएको छ।

- **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७६।७७ र २०७७।७८ को यथार्थ असुली तथा २०७८।७९ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रू. लाखमा)

विवरण	२०७६।७७ को यथार्थ असुली	२०७७।७८ को यथार्थ असुली	२०७८।७९ को		
			अनुमान	असुली	प्रतिशत
कुल राजस्व	७५५५७५२	८६८६०२९	१०२४९०७३	९८९६२१७	९६.५६
१. कर राजस्व	६१३३९०५	७६१०५६६	९११५००७	८५६२६४०	९३.९४
२. अन्य राजस्व (गत वर्षको नगद मौज्दात र बेरुजूसमेत)	१३९६७५७	१०४३२२८	११३४०६६	१३०५१९३	११५.०९
३. साँवा फिर्ता	२५०९०	३२२३५	-	२८३८४	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १३.९३ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०७८।७९ को असुलीमा गत वर्षको नगद मौज्दात र बेरुजू दाखिला भएको रू.४८ अर्ब ५० करोड ४८ लाख समेत समावेश छ। बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रू.२ अर्ब ८३ करोड ८४ लाख प्राप्त भएको छ।

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

- **बेरुजू** - यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू रू.१ खर्ब १९ अर्ब ७७ करोड ७० लाख रहेको छ। सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू. लाखमा)

वर्गीकरण	संघीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	१९१८१४	७५१४	५९०५७	४५८७८	३०४२६३	२५.४०
२. नियमित गर्नुपर्ने	३३७८९५	५२४४४	३२४६१२	७९५६८	७९४५१९	६६.३३
२.१ अनियमित भएको	३७३४७	१८०१७	११७८६९	२५५४७	१९८७८०	१६.६०
२.२ प्रमाण कागज पेस नभएको	२९७९१७	३४४२७	२०६५५९	५२२१७	५९११२०	४९.३४
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	२६३१	०	१८४	१८०४	४६१९	०.३९
३. पेस्की	३३४००	१२०९२	४५१४०	८३५६	९८९८८	८.२७
जम्मा बेरुजु	५६३१०९	७२०५०	४२८८०९	१३३८०२	११९७७७०	१००.००

द्रष्टव्यः उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन र संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

- **लेखापरीक्षण एवं बेरुजु अङ्क** - यो वर्ष ६ हजार ५४६ सरकारी निकायको रु.७१ खर्ब ३८ अर्ब १६ करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत)	४०६८	२३५६३३७९	५६३१०९	२.३९
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत)	१२१८	३१२७३०५	७२०५०	२.३०
३. स्थानीय तह (बक्यौता २ समेत)	७५१	११०४०१००	४२८८०९	३.८८
४. संगठित संस्था, समिति र अन्य संस्था	५०९	३३६५०८९०	१३३८०२	०.४०
जम्मा	६५४६	७१३८१६७४	११९७७७०	१.६८

द्रष्टव्यः संगठित संस्थाको बेरुजू लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन।

- **अद्यावधिक बेरुजु** - संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजू रू. ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख रहेको छ । अद्यावधिक बेरुजू गत वर्ष भन्दा २१.४५ प्रतिशतले बढेको छ।

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
संघीय सरकारी कार्यालय	२४७१३८१	-२२४	७२९३७	२३९८२२०	५६३१०९	२९६१३२९
प्रदेश सरकारी कार्यालय	१८२७११	१२	१०९९३	१७१७३०	७२०५०	२४३७८०
स्थानीय तह	१३६३२२४	०	६५९७९	१२९७२४५	४२८८०९	१७२६०५४
अन्य संस्था समिति (प्रदेश समेत)	८१८६४८	-९९५६	२६३	८०८४२९	१३३८०२	९४२२३१
जम्मा	४८३५९६४	-१०१६८	१५०१७२	४६७५६२४	११९७७७०	५८७३३९४

- **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.३ खर्ब ७२ अर्ब ४५ करोड १३ लाख रहेको छ। उक्त रकम गत वर्षभन्दा ७.७८ प्रतिशतले बढेको छ ।

(रू. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	६९६०८	८४२२	७८०३०
२	राजस्व बक्यौता	३१२६१०६	१३१२२२	३२५७३२८
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	११५६९८	३४९०८	१५०६०६
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१२३६९१	९४३५८	२१८०४९
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	३४५५६०३	२६८९१०	३७२४५१३

उक्त रकममा अद्यावधिक बेरुजू रू. ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.९ खर्ब ५९ अर्ब ७९ करोड ७ लाख पुगेको छ। कारबाही टुङ्गो लगाउनुपर्ने रकम बढ्नुमा राजस्व बक्यौता तथा बेरुजू रकम मुख्य कारण रहेको देखिन्छ।

बेरुजु विश्लेषण

संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, अन्य समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

- यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रू.१ खर्ब २९ अर्ब ५६ करोड बेरुजू देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रू.९ अर्ब ७८ करोड (कुल बेरुजूको ७.५५ प्रतिशत) सम्परीक्षण गराएबाट रू.१ खर्ब १९ अर्ब ७८ करोड बेरुजू फर्स्यौट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौट गर्न बाँकी कुल बेरुजू रू.५ खर्ब ८७ अर्ब ३४ करोड छ।

संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	अर्थ	१६३६१६३८	८७०५९	२३७५४७	८१	३२४६८८	५७.६६	१.९८
२.	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	१२०९६६४	२९३५६	४०५८८	१८०३०	८७९७४	१५.६२	७.२७
३.	सञ्चार तथा सूचना प्रविधि	१४४५१०	२६१६१	२५८	६४०	२७०५८	४.८१	१८.७२
४.	कृषि तथा पशुपन्छी विकास	३३००३३	२४१४४	७११	५१६	२५३७१	४.५१	७.६९
५.	गृह	१११७६२८	१८१५	८९७३	४९१९	१५७०८	२.७९	१.४१
६.	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	५४८८७३	८२७०	५०५८	९६	१३४२४	२.३८	२.४५
७.	उर्जा, जलस्रोत तथा सिँचाइ	४३९६१६	१८७४	१०१९७	९०१	१२९७२	२.३०	२.९५
८.	सहरी विकास	४१६९२७	२०४४	७६११	१३०९	१०९६४	१.९५	२.६३
९.	खानेपानी	१५८४०२	३०२४	४८४५	९१७	८७८५	१.५६	५.५५
१०.	स्वास्थ्य तथा जनसंख्या	५३१४४८	३११७	३५१५	२०४२	८६७४	१.५४	१.६३
११.	अन्य	२२९०४३०	४९४९	१८५९१	३९५०	२७४९१	४.८८	१.२०
	जम्मा	२३५६३३७९	१९१८१४	३३७८९४	३३४००	५६३१०८	१००	२.३९

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९५.१२ प्रतिशत रहेको छ। यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.३० प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी कर्णाली प्रदेशको ३.९२ प्रतिशत र सबैभन्दा घटी गण्डकी प्रदेशको १.२३ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ३.८८ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी तेह्रथुम जिल्लाको आठराई गाउँपालिकामा २०.३१ प्रतिशत र सबैभन्दा घटी प्युठान जिल्लाको मल्लरानी र सरुमारानी गाउँपालिकाको बेरुजू शून्य रहेको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजू हुने ५४०, ५ देखि १५ प्रतिशतसम्म बेरुजू हुने २०५ र १५ प्रतिशतभन्दा बढी बेरुजू हुने स्थानीय तह ६ रहेका छन्।

- यो वर्ष ४ हजार ६८ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार ९२९ कार्यालय (४७.४२ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार २१८ को लेखापरीक्षण गरेकोमा ४४४ कार्यालय (३६.५४ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन।
- यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) १ लाख ९० हजार ३८० दफा बेरुजू देखिएकोमा ६२ हजार ४०९ दफा सैद्धान्तिक र १ लाख २० हजार ६९४ दफा लगती बेरुजू कायम भएको छ।
- संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको संघीय सरकारी कार्यालयतर्फका २६ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.११ करोड ९० लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १४ निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रू.२३ करोड ६७ लाख तथा अन्य निकायले रू.३ करोड ७६ लाख, प्रदेश सरकार मातहतका निकायले रू.८ करोड ९३ लाख र स्थानीय तहले रू.२ अर्ब १३ करोड ६९ लाखसमेत रू.२ अर्ब ६१ करोड ९५ लाख असुल गराएका छन्।

- यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.१९ अर्ब १८ करोड १४ लाखमध्ये १० मन्त्रालय/निकायको रू.१८ अर्ब ७३ करोड ७४ लाख (९७.६९ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.४४ करोड ४० लाख (२.३१ प्रतिशत) देखिएको छ।
- संघीय सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेस्की रू.६३ अर्ब ८८ करोड ७१ लाख बाँकी रहेकोमा यस वर्ष थप भएको रू.३ अर्ब ३४ करोड समेत कुल पेस्की रू.६७ अर्ब २२ करोड ७१ लाख बाँकी रहेको छ।
- त्यस्तै संघ र प्रदेशतर्फको समिति, अन्य संस्थातर्फ यो वर्षको रू. ८३ करोड ५६ लाख पेस्की बाँकी देखिएको छ।

प्रदेशगत लेखापरीक्षण रकम र बेरुजु अंक

- **प्रदेशगत बेरुजू** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७८।७९ को लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(रू. लाखमा)

प्रदेश	लेप गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू रकम	पेस्की बाहेक बेरुजू रकम	बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
कोशी	२१३	४९८२३१	१६४६३	१५२६६	३.३०	३.१०
मधेश	१४८	४३१०७४	११६३३	९७०१	२.६९	२.२५
बागमती	२३१	७६९०४७	१०५३१	७०४९	१.३७	०.९२
गण्डकी	१८७	३९९०९२	४९३५	४०५७	१.२४	१.०१
लुम्बिनी	२०५	५७०८१३	१४९८१	१३७६९	२.६२	२.४१
कर्णाली	१७३	३८१४६२	१६८९३	१४४१८	४.४३	३.७८
सुदुर पश्चिम	१५७	३५६२०४	९१९६	८२२१	२.५८	२.३१
जम्मा	**१३१४**	**३४०५९२३**	**८४६३२**	**७२४८१**	**२.४८**	**२.१३**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजू कर्णाली प्रदेशको ४.४३ प्रतिशत र सबैभन्दा कम बेरुजू गण्डकी प्रदेशको १.२४ प्रतिशत रहेको छ।

- **प्रदेशगत अद्यावधिक बेरुजू** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रू.१९ अर्ब ६५ करोड १८ लाख रहेकोमा सम्परीक्षण तथा समायोजनबाट रू.१ अर्ब १० करोड ५५ लाख फर्स्यौट भई रू.१८ अर्ब ५४ करोड ६३ लाख बाँकी रहेको र यो वर्ष रू.८ अर्ब ४६ करोड ३२ लाख थप भई अद्यावधिक बेरुजू रू.२७ अर्ब ९५ लाख रहेको छ। सो रकममा रू.५ अर्ब १४ करोड ९६ लाख पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू. लाखमा)

प्रदेश	गत सम्मको बाँकी	समायोजन	सम्परीक्षण	बाँकी	यो वर्षको थप	पाँचौं प्रतिवेदन सम्मको बाँकी	बेरुजू बाँकी मध्ये पेस्की
कोशी	३८०३३	-	४८६२	३३१७१	१६४६३	४९६३४	८०६१
मधेश	५६८३५	१	८४९	५५९८७	११६३३	६७६२०	१३३५०
बागमती	२३२०५	-०.४०	२३४	२२९६९	१०५३१	३३५०१	८०९४
गण्डकी	१७८९८	-	१३८९	१६५०९	४९३५	२१४४४	७९५४
लुम्बिनी	१७०६८	-	१४६७	१५६०१	१४९८१	३०५८२	२०२१
कर्णाली	२७९८७	-५०	१४३६	२६५०१	१६८९३	४३३९४	७७०७
सुदुर पश्चिम	१५४९२	४	७७२	१४७२४	९१९६	२३९२०	४३०९
जम्मा	**१९६५१८**	**-४७**	**११००९**	**१८५४६२**	**८४६३२**	**२७००९५**	**५१४९६**

स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू

- यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४९ स्थानीय तहको प्रदेशगत लेखापरीक्षण रकम र बेरुजू स्थिति निम्नानुसार छ।

(रू. लाखमा)

क सं	प्रदेश	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	कोशी	१३७	१८९५८४२	७३५९७	५६१९	३.८८	३.५९
२	मधेश	१३२	१७९९०६७	११३९४९	१२४४९	६.३३	५.६४
३	बागमती	११९	२३५१८८६	६५५८६	१४१७४	२.७९	२.१९
४	गण्डकी	८५	११५३३५४	३३५७०	३१३४	२.९१	२.६४

क सं	प्रदेश	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
५	लुम्बिनी	१०९	१७३२७३८	५०७१९	२८०५	२.९३	२.७७
६	कर्णाली	७९	९३४६१९	४६७८१	३४३७	५.०१	४.६४
७	सुदूरपश्चिम	८८	११५३१५१	४४२१३	३५२२	३.८३	३.५३
जम्मा		७४९	११०२०६५७	४२८४१५	४५१४०	३.८९	३.४८

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी मधेश प्रदेशमा ६.३३ प्रतिशत र सबै भन्दा कम बागमती प्रदेशमा २.७९ प्रतिशत बेरुजू देखिएको छ। उक्त विवरणमा बक्यौता २ स्थानीय तहको बेरुजू अङ्क समावेश छैन।

- यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४९ स्थानीय तहको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छ।

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
महानगरपालिका	६	६७२१४०	२९०१३	८९४९	४.३२	२.९९
उपमहानगरपालिका	११	४७१००८	१४७६१	८९९	३.१३	२.९४
नगरपालिका	२७४	५०१७२४६	१९०३०७	१८६६४	३.७९	३.४२
गाउँपालिका	४५८	४८६०२६३	१९४३३४	१६६२८	४.००	३.६६
जम्मा	७४९	११०२०६५७	४२८४१५	४५१४०	३.८९	३.४८

स्थानीय तहहरूको बेरुजू अवस्था विश्लेषण गर्दा उप महानगरपालिकाहरूको औसत बेरुजू ३.१३ प्रतिशत र गाउँपालिकाहरूको औसत बेरुजू ४ प्रतिशत रहेको छ।

- विगत वर्षको बक्यौता रहेका १३ मध्ये यो वर्ष देहाय अनुसार २ स्थानीय तहको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छ।

(रू. लाखम)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
नगरपालिका	१	१११४९	२८८	-	२.५८	२.५८
गाउँपालिका	१	८२९५	१०६	-	१.२८	१.२८
जम्माः	२	१९४४४	३९४	-	२.०३	२.०३

महानगरपालिका तर्फ

- **लेखापरीक्षण तथा बेरुजू -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६ महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

क्र. सं.	महानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	विराटनगर	५८५२३	२२९५	२००	३.९२	३.५८
२	वीरगन्ज	७४३४९	६७७८	८७६	९.१२	७.९४
३	काठमाडौं	२५४१८८	६६१९	२९३०	२.६०	१.४५
४	ललितपुर	८७९७९	६१९०	४२४०	७.०४	२.२२
५	भरतपुर	६९६२६	६६	१३	०.०९	०.०८
६	पोखरा	१२७४७५	७०६५	६८९	५.५४	५.००
जम्मा		६७२१४०	२९०१३	८९४८	४.३२	२.९९

उल्लिखित विवरण अनुसार लेखापरीक्षणको तुलनामा वीरगन्ज महानगरपालिकाको सबैभन्दा बढी ९.१२ प्रतिशत र भरतपुर महानगरपालिकाको सबै भन्दा घटी ०.०८ प्रतिशत बेरुजू देखिएको छ।

उपमहानगरपालिका तर्फ

- **लेखापरीक्षण तथा बेरुजू -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११ उप महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार छः

क्र.सं.	उपमहानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	धरान	४४१०९	८२२	५	१.८६	१.८५
२	इटहरी	४७४८३	१९३८	३९	४.०८	४.००
३	जनकपुरधाम	३७६९९	११३५	२०७	३.०१	२.४६
४	जीतपुर-सिमरा	३५३७२	१९४९	२७४	५.५१	४.७४
५	कलैया	३६०२३	९७८	१४५	२.७१	२.३१
६	हेटौंडा	४६५८२	३६०	०	०.७७	०.७७
७	घोराही	५२८७३	१३६१	८०	२.५७	२.४२
८	तुल्सीपुर	३५७४१	२३९१	१२२	६.६९	६.३५
९	नेपालगन्ज	४३०९४	२२४०	०	५.२०	५.२०
१०	बुटवल	५००५९	११५८	०	२.३१	२.३१
११	धनगढी	४१९७४	४२९	२७	१.०२	०.९६
जम्मा		**४७१००९**	**१४७६१**	**८९९**	**३.१३**	**२.९४**

उप-महानगरपालिका ११ मध्ये सबभन्दा बढी बेरुजू तुलसीपुर उपमहानगरपालिकाको ६.६९ प्रतिशत र सबभन्दा कम हेटौंडा उपमहानगरपालिकाको ०.७७ प्रतिशत रहेको छ।

नगरपालिका तर्फ

- **लेखापरीक्षण तथा बेरुजू -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका २७४ नगरपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

क. सं	प्रदेश	लेखापरीक्षण गरिएको नगरपालिकाको संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू (म्याद नाघेको पेस्कीसमेत)	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	कोशी	४६	८५२७००	३१९६५	२९४९	३.७५	३.४०
२	मधेश	७१	१०६११४२	६६७२६	६९२५	६.२९	५.६४
३	बागमती	४१	१०३९६८५	२५०३१	४४५४	२.४१	१.९८
४	गण्डकी	२६	४७१५०६	११५३८	१३१९	२.४५	२.१७
५	लुम्बिनी	३२	६३८८४७	१५५०८	३२४	२.४३	२.३८
६	कर्णाली	२५	४०७१२१	१८९४३	१०२५	४.६५	४.४०
७	सुदूरपश्चिम	३३	५४६२४५	२०५९६	१६६८	३.७७	३.४७
जम्मा		**२७४**	**५०१७२४६**	**१९०३०७**	**१८६६४**	**३.७९**	**३.४२**

उल्लिखित विवरण अनुसार लेखापरीक्षण अङ्कको तुलनामा मधेश प्रदेशमा सबैभन्दा बढी ६.२९ प्रतिशत र बागमती प्रदेशमा सबै भन्दा कम २.४१ प्रतिशत बेरुजू देखिएको छ।

गाउँपालिका तर्फ

- **लेखापरीक्षण तथा बेरुजू -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ४५८ गाउँपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छः

क्र. सं	प्रदेश	लेखापरीक्षण गरिएको गाउँपालिकाको संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	कोशी	८८	८९३०२७	३६५७७	२४२६	४.१०	३.८२
२	मधेश	५७	५५४४८१	३६३८४	४०२२	६.५६	५.८४
३	बागमती	७४	८५३८२६	२७३१९	२५३७	३.२०	२.९०
४	गण्डकी	५८	५५४३७३	१४९६७	११२६	२.७०	२.५०
५	लुम्बिनी	७३	९१२१२६	२८०६१	२२७९	३.०८	२.८३
६	कर्णाली	५४	५२७४९९	२७८३८	२४१२	५.२८	४.८२
७	सुदूरपश्चिम	५४	५६४९३२	२३१८८	१८२७	४.१०	३.७८
जम्मा		**४५८**	**४८६०२६४**	**१९४३३४**	**१६६२९**	**४.००**	**३.६६**

उल्लिखित विवरणअनुसार लेखापरीक्षणको तुलनामा मधेश प्रदेशमा सबैभन्दा बढी ६.५६ प्रतिशत र गण्डकी प्रदेशमा सबै भन्दा कम २.७० प्रतिशत बेरुजू देखिएको छ।

- **बेरुजु सम्परीक्षण -** यो वर्षको लेखापरीक्षणबाट रू.१ खर्ब २९ अर्ब ५५ करोड ७६ लाख बेरुजू देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएको ३५ दिनभित्र रू.९ अर्ब ७८ करोड ६ लाख फर्स्यौट गरेकोले देहायबमोजिम रू. १ खर्ब १९ अर्ब ७७ करोड ७० लाख फर्स्यौट हुन बाँकी रहेको छः

प्रतिक्रियाबाट बेरुजू फर्स्यौट विवरण

(रू. लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौट		यस वर्षको फर्स्यौट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
संघीय सरकारी कार्यालयहरू	२७०२२	६१५१३०	१२५२	५२०२१	२५७७०	५६३१०९
प्रदेश सरकारी कार्यालयहरू	९९७०	७४५३८	५७०	२४८८	९४००	७२०५०
स्थानीय तह	९०८२९	४६६७७२	५३०५	३७९६३	८५५२४	४२८८०९
अन्य संस्था समिति (प्रदेश समेत)	७४४९	१३९१३६	३०५	५३३४	७१४४	१३३८०२
जम्मा	१३५२७०	१२९५५७६	७४३२	९७८०६	१२७८३८	११९७७७०

- **बेरुजू फर्स्यौट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजूका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी वा गराई वा असुलउपर गरी र लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराई बेरुजू फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजू फर्स्यौट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गर्नुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजू फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

बेरुजू फर्स्यौट तथा सम्परीक्षण विवरण

(रू. लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
संघीय सरकारी कार्यालयहरू	२४७१३८१	-२२४	७२९३७	२३९८२२०	५६३१०९	२९६१३२९
प्रदेश सरकारी कार्यालयहरू	१८२७११	१२	१०९९३	१७१७३०	७२०५०	२४३७८०
स्थानीय तह	१३६३२२४	०	६५९७९	१२९७२४५	४२८८०९	१७२६०५४
अन्य संस्था समिति (प्रदेश समेत)	८१८६४८	-९९५६	२६३	८०८४२९	१३३८०२	९४२२३१
जम्मा	४८३५९६४	-१०१६८	१५०१७२	४६७५६२४	११९७७७०	५८७३३९४

सन्देश...

नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका दृष्टिकोणका आधारमा समेत विचार गरी तथ्यहरु दर्शाएको, आलोचना गरेको र वित्तीय विवरण उपर उचित राय प्रकट गरेको हुन्छ। सार्वजनिक निकायबाट प्रचलित कानूनको पालना, वित्तीय कामकारवाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, कारोवारको स्थिति, स्रोतको चुहावट र सार्वजनिक सम्पत्तिको दुरुपयोग एवं त्यसको उचित संरक्षणको अभावमा हुने सरकारी हानी नोक्सानीका विषय उजागर गर्दै प्रतिवेदनको माध्यमबाट नागरिकको हित र वित्तीय सुशासन प्रवर्द्धन गर्न आवश्यक नीतिगत, कानूनी, संस्थागत सुधारका लागि सुझाव समेत प्रदान गरिएको हुन्छ। महालेखापरीक्षकको कार्यालयको सीमित स्रोत, साधन र क्षमताको परिचालनबाट तीन तहका सरकारले गरेको आर्थिक कारोवारको तोकिएको उपयुक्त विधि र प्रक्रियाको अवलम्वन गरेर जाँच तथा परीक्षण गरी समग्र सार्वजनिक जवाफदेहिताको स्थिति मूल्यांकन तथा विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन निश्चित अवधिभित्र तयार गर्ने कार्य आफैमा जटिल र चुनौतिपूर्ण कार्य हो। महालेखापरीक्षकको कार्यालयबाट सबै सरकारी निकायहरुको लेखापरीक्षण सम्पन्न गरेर यो साठिऔं प्रतिवेदन सहित यस अवधिमा छ वटा वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गरिएको छ। यस संवैधानिक एवं कानूनी दायित्व पूरा गर्ने कार्यमा कार्यालयका कर्मचारीहरुबाट प्राप्त साथ, सहयोग र सहकार्यका लागि सबैलाई धन्यवाद दिन चाहन्छु। साथै नयाँ वर्ष २०८० को उपलक्ष्यमा सु-स्वास्थ्य, सुख, शान्ति र समृद्धिको लागि सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

शासकीय प्रबन्ध

- संघीयता कार्यान्वयनमा तीन तहका सरकारबीच पर्याप्त समन्वय नभएको,
- संविधान कार्यान्वयनमा आएको लामो समय व्यतीत भैसक्दासमेत अत्यावश्यक कानुनहरु तर्जुमा हुन नसकेको,
- स्थानीय तहको उम्मेदवारको निर्वाचन खर्चको स्रोत खुलाई विवरण पेश नभएको,
- संवैधानिक निकायहरुको प्रशासनिक एवं वित्तीय स्वायत्तता कायम गरी भूमिका प्रभावकारी बनाउन नसकिएको,
- स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकारबीच सन्तुलन र नियन्त्रण नभएको,
- तीन तहका सरकारबीच विषयगत संरचना तथा कार्यमा दोहोरोपना रहेको,
- समिति, बोर्ड, परिषद्, संस्थानको कार्य प्रभावकारी हुन नसकेको,
- नियमनकारी निकायको भूमिका प्रभावकारी नभएको,
- जिल्ला समन्वय समितिहरुको भूमिका प्रभावकारी हुन नसकेको।

अर्थतन्त्र

- आर्थिक वृद्धिदर र राष्ट्रिय बचतमा अपेक्षित वृद्धि हुन नसकेको,
- कृषि र उद्योग क्षेत्रलाई उचित प्राथमिकता र प्रश्रय दिन नसकेको,
- पर्यटन क्षेत्रलाई वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोत बनाउन नसकेको,
- विप्रेषण र ऋण रकमलाई उत्पादनसँग आवद्ध गर्न नसकेको,
- न्यून विजकीकरण र बजार नियमन नहुँदा राजस्व चुहावट हुने गरेको,
- भन्सार मूल्याङ्कन यथार्थपरक हुन नसकेको,
- मुद्रास्फीति नियन्त्रण हुन नसकेको,
- कमजोर नियमनका कारण ब्याजदरलाई वाञ्छित सीमामा राख्न नसकिएको,
- जल, जमिन, जङ्गल र खानीजन्य स्रोतको पूर्ण उपयोग गर्न नसकिएको,
- हरित ऊर्जालाई पेट्रोलियमजन्य पदार्थको विकल्पमा प्रयोग गर्न नसकिएको,
- उत्पादनमूलक क्षेत्रमा पर्याप्त वैदेशिक लगानी र प्रविधि भित्र्याउन नसकेको,
- अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक दायरामा ल्याउन नसकेको।

सार्वजनिक प्रशासन र सुशासन

- संघीय संरचना अनुरुपका कर्मचारी सेवा सम्बन्धी ऐनहरू जारी हुन नसकेको,
- सेवा प्रवाहलाई मितव्ययी, भरपर्दो, छरितो र विश्वसनीय बनाउन नसकेको,
- प्रदेश तथा स्थानीय तहमा दक्ष जनशक्तिको अभाव रहेको,
- वृत्ति विकासमा अनिश्चितता हुँदा कर्मचारी उत्प्रेरित हुन नसकेको,
- सार्वजनिक प्रशासन व्यावसायिक र नतिजामुखी हुन नसकेको,
- साईबर अपराध नियन्त्रण गर्न पर्याप्त कानूनी र सुरक्षा व्यवस्था नभएको,
- पदीय आचरण, नैतिकता र सदाचारिता पालनाको स्थिति कमजोर रहेको,
- अन्तरनिकाय समन्वयमा कमी हुँदा भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसकेको,
- क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा नआएको,
- कर्मचारी समायोजनमा देखिएका समस्याले सेवा प्रवाहमा असर परेको,
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाहमा सुधार नगरेको,
- प्रशासन सुधार आयोगका सुझावको प्रभावकारी कार्यान्वयन हुन नसकेको।

सार्वजनिक वित्त व्यवस्थापन

- बजेट तर्जुमा गर्दा स्रोतको प्राप्ति र उपयोगको यथार्थ आकलन हुन नसकेको,
- न्यून राजस्व, बढ्दो ऋण र विनिमय दरले स्रोत परिचालनमा प्रभाव परेको,
- बजेट अबण्डा राख्ने र वर्षान्तिमा रकमान्तर गरी खर्च गर्ने प्रवृत्ति रहेको,
- संगठित संस्थामा निष्क्रिय मौज्दात रहे तापनि सरकारले ऋण लिनु परेको,
- राजस्व छुट दिने प्रवृत्ति बढ्दै गएको तर नागरिक सहुलियतको मापन नभएको,
- प्रदेश तथा स्थानीय तहको आन्तरिक आय परिचालन प्रभावकारी नभएको,
- संस्थानको सम्पत्ति, शेयर र ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
- अनुदान रकम उद्देश्य अनुसार उपयोग भएको सुनिश्चित नगरेको,
- वैदेशिक सहायताको प्रतिबद्धता, प्राप्ति र उपयोगबीच अन्तर रहेको,
- अनुत्पादक तथा वितरणमुखी क्षेत्रमा बजेट खर्च गर्ने प्रवृत्ति बढेको,
- एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली लागू नगरेको,
- विभाज्य कोषमा सङ्लित राजस्व समयमै बाँडफाँट हुन नसकेको,
- लेखापरीक्षणको सुझाव कार्यान्वयन र बेरुजू फर्स्यौटमा ध्यान नदिएको।

विकास व्यवस्थापन

- दिगो विकास लक्ष्यको कार्यान्वयन प्रभावकारी नभएको,
- पूर्व तयारी बेगरका योजना पनि बजेटमा समावेश हुने गरेको,
- आयोजना व्यवस्थापनमा स्रोत र दक्ष जनशक्तिको अभाव रहेको,
- आयोजनाको डुइङ्, डिजाइन र लागत अनुमानमा कमीकमजोरी रहेको,
- राष्ट्रिय गौरवका आयोजनाको कार्यावधि लम्बिँदा लागत वृद्धि भएको,
- निर्माण व्यवसायीको क्षमताको आधारमा सीमा निर्धारण नभएको,
- सार्वजनिक खरिद नियमावली पटक-पटक संशोधन गर्दा खरिद कार्य प्रभावित भएको,
- सार्वजनिक खरिद तथा निर्माणको गुणस्तरमा उचित ध्यान नदिएको,
- सम्झौताका शर्त पालना नगर्दा क्षतिपूर्ति रकम भुक्तानी गर्नुपरेको,
- परामर्शदाता माथिको निर्भरता र खर्च दुवै बढेको,
- खर्च गर्ने संस्थागत क्षमता कमजोर हुँदा पुँजीगत खर्च न्यून भएको,
- योजना र कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रभावकारी नभएको।

जिम्मेवारी र उत्तरदायित्व

- वित्तीय अनुशासन पालना नगर्ने पदाधिकारीलाई जवाफदेही बनाउन नसकेको,
- मितव्ययिता कार्यविधि र मापदण्ड पूर्णरुपमा पालना नभएको,
- नेपाल वित्तीय प्रतिवेदनमान र नेपाल सार्वजनिक क्षेत्र लेखामान पूर्ण कार्यान्वयन नगरेको,
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्तिको अभिलेख नरहेको,
- सार्वजनिक सम्पत्ति लिज प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक नभएको,
- सार्वजनिक तथा गुठीका अतिक्रमित जग्गा नियन्त्रणमा नआएको,
- आर्थिक अनुशासन पालनालाई कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्न नसकिएको,
- वित्तीय निर्णयमा सम्बद्ध पदाधिकारीलाई जिम्मेवार बनाउन नसकेको,
- आन्तरिक नियन्त्रण प्रणालीको पालना नभएको,
- शासन सञ्चालनमा नागरिक सहभागिताले प्राथमिकता पाउन नसकेको,
- सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण उद्देश्यमूलक हुन नसकेको,
- अधिकारप्राप्त अधिकारीलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउन नसकेको।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023

महालेखापरीक्षकको ६० औँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित तस्बीरहरु



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूलाई आर्थिक वर्ष २०७८।७९ को वार्षिक लेखापरीक्षण प्रतिवेदनको सारांश प्रदान गर्नुहुँदै ।



६० औँ वार्षिक लेखापरीक्षण प्रतिवेदन तयारी पश्चात माननीय महालेखापरीक्षकज्यू र उप-महालेखापरीक्षकज्यूहरु ।



माननीय महालेखापरीक्षकज्यू सहित ६० औं वार्षिक प्रतिवेदन अन्तर्गत संघीय कार्यालयतर्फका सम्पादन समितिका कर्मचारीहरु ।



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट ६० औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेस गरेर कार्यालयमा फर्केपछि वार्षिक प्रतिवेदन निर्माणमा कर्मचारीहरुले निर्वाह गरेको भुमिकाको प्रसंशा गर्दै धन्यवाद दिने कार्यक्रममा उपस्थित कार्यालयका कर्मचारीहरु ।



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट ६० औं वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरु सञ्चारकर्मी माझ प्रस्तुत गर्नुहुँदै



माननीय महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन सार्वजनिकिकरण कार्यक्रममा उपस्थित सञ्चारकर्मी तथा अन्य ।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023



माननीय महालेखापरीक्षकज्यूले ६० औं वार्षिक प्रतिवेदन अन्तर्गत् कोशी प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत पश्चात । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



कोशी प्रदेशका माननीय प्रदेश प्रमुख श्री परशुराम खापुङ्गज्यू समक्ष कोशी प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नु हुँदै नायव महालेखापरीक्षक श्री पदमप्रसाद आचार्य ।



माननीय महालेखापरीक्षकज्यूले ६० औं वार्षिक प्रतिवेदन अन्तर्गत् मधेस प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत पश्चात् । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



मधेश प्रदेशका माननीय प्रदेश प्रमुख श्री हरिशंकर मिश्रज्यूसमक्ष मधेश प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी ।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023



माननीय महालेखापरीक्षकज्यूले ६०त औं वार्षिक प्रतिवेदन अन्तर्गत् वाग्मती प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत पश्चात् ।
साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



वागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री यादव चन्द्र शर्माज्यूसमक्ष वागमती प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै
नायव महालेखापरीक्षक श्री बालकृष्ण थापा ।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023



माननीय महालेखापरीक्षकज्यूले ६० औं वार्षिक प्रतिवेदन अन्तर्गत् गण्डकी प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत पश्चात् । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङज्यूसमक्ष गण्डकी प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै उप-महालेखापरीक्षक श्री राममाया कुँवर । साथमा नायव महालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023



माननीय महालेखापरीक्षकज्यूले ६० औं वार्षिक प्रतिवेदन अन्तर्गत् लुम्बिनी प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत पश्चात् । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूसमक्ष लुम्बिनी प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी । साथमा नायव महालेखापरीक्षक तथा अन्य कर्मचारी ।



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् कर्णाली प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत पश्चात । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख श्री तिलक परियारज्यूसमक्ष कर्णाली प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री शंकर प्रसाद पन्थी । साथमा अन्य कर्मचारीहरु ।



माननीय महालेखापरीक्षकज्यूले ६० औं वार्षिक प्रतिवेदन अन्तर्गत् सुदूरपश्चिम प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख श्री देवराज जोशीज्यूसमक्ष सुदूरपश्चिम प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डे ।

लेखापरीक्षण मार्गदर्शनहरु स्वीकृत

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन ईन्टोसाईले आफ्ना सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको स्थापना र सञ्चालन सम्बन्धी आधारभूत सिद्धान्त सहित लेखापरीक्षण क्षेत्रमा एकरुपता र गुणस्तर अभिवृद्धिका लागि समय समयमा विभिन्न घोषणा, सिद्धान्त, लेखापरीक्षण मानदण्ड र मार्गदर्शनहरु जारी गर्ने गर्दछ । ईन्टोसाईका सदस्य राष्ट्रहरुले पनि तिनीहरुलाई महत्वपूर्ण आधारको रुपमा लिदै आआफ्ना मुलुकको संविधान र कानूनी व्यवस्था अनुरुप लेखापरीक्षण मानदण्ड र मार्गदर्शनहरु तर्जुमा गरी जारी गर्न सक्छन् । यस्ता लेखापरीक्षण मानदण्ड र मार्गदर्शनहरुले लेखापरीक्षकलाई लेखापरीक्षण कार्यमा विशिष्टिकृत सूचना तथा जानकारी प्रदान गरी लेखापरीक्षण प्रतिवेदनलाई गुणस्तरीय र विश्वसनीय बनाउन सहयोग गर्दछन् । नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको कार्यालयले पछिल्लो समयमा आन्तरिक तथा वाह्य क्षेत्रमा भएको परिवर्तन अनुरुप एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत् विश्व बैंकको प्राविधिक तथा आर्थिक सहयोगमा साविकका लेखापरीक्षण मार्गदर्शनमा सुधार गरी वित्तीय, संगठित संस्था, प्रशासनिक खर्च, राजस्व, कार्यमूलक, परियोजना लेखा, वातावरण, दीगो विकास, प्रकोप व्यवस्थापन जस्ता विषयसँग सम्बन्धित मार्गदर्शनहरु तयार गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २९ बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण मार्गदर्शन बनाई लागू गर्न सकिने व्यवस्था अनुसार देहायका मार्गदर्शन माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट यहीं २०८० वैशाख १३ र जेष्ठ १ गते स्वीकृत गरिएको छ ।

क्र.सं.	लेखापरीक्षण मार्गदर्शन
1	Financial Audit Manual - English
2	Compliance Audit Manual - English
3	State Owned Enterprises Audit Guide - English
4	Financial Accountability Audit Guide - English
5	Audit of Project Account – English
6	Procurement Audit Guide - English
7	Revenue Audit Guide – English
8	Audit of Administrative Expenses - English
9	Financial Statements - English
10	Performance Audit Guidelines – English
11	Environment Audit Guide – English
12	Disaster Management Audit Guide – Audit
13	Sustainable Development Goals (SDGs)Audit Guide - English
15	Citizen Participatory Audit Guideline (CPA)
16	Information System (IS) Audit Manual
17	Code of Ethics Implementation Guide
18	Quality Assurance Manual

लेखापरीक्षण सल्लाहकार समितिको अठारौं वैठक सम्पन्न



माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण सल्लाहकार समितिको १८ औं वैठक प्रारम्भ गर्नुहुँदै । साथमा लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरु र उप-महालेखापरीक्षकज्यूहरु ।

२० चैत्र, २०७९

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको १८ औं वैठक महालेखापरीक्षकको कार्यालय, अनामनगरमा सम्पन्न भयो । वैठक मूलतः महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन तयारीका सम्बन्धमा केन्द्रीत रहेको थियो । वैठकको प्रारम्भ गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले ६० औं वार्षिक प्रतिवेदन आफ्नो कार्यअवधिको अन्तिम प्रतिवेदन रहेको र यसलाई पूर्णरुपमा सूचना

प्रविधिको प्रयोग गरी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत लेखापरीक्षण योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन कार्य सम्पन्न गरी चैत्र मसान्तभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नेगरी सो सम्बन्धी कार्य अगाडि बढिरहेको जानकारी प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले सल्लाहकार समितिका सदस्यज्यूहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा सदाझैं रचनात्मक सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्नु भएको थियो । कार्यक्रममा उपमहालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले स्वीकृत वार्षिक लेखापरीक्षण योजना बमोजिम हालसम्म सम्पादित प्रमुख कार्यहरु र वार्षिक प्रतिवेदनको समष्टिगत संरचना प्रस्तुत गर्नुहुँदै तोकिएकै अवधिमा प्रतिवेदन तयार हुने बताउनु भएको थियो ।

वैठकमा सल्लाहकार समितिका पदाधिकारीहरुले तहगत सरकारमा आयोजनाहरुको स्पष्ट वर्गिकरण नहुँदा एउटै प्रकृति र आकारका आयोजनामा तीनै तहबाट स्रोत विनियोजन भई दोहोरोपना देखिएको, स्रोत साधन छरिंदा नतिजा झन् झन् टाढा हुँदै गएको, राष्ट्रिय प्राथमिकताका विषयहरु ओझेलमा पर्दै गएका, विनियोजित रकम वेगरको राष्ट्रिय गौरवको आयोजना बनाउन थालिएको, स्रोत तल्लो तहमा पुगे पनि सो अनुरुप प्रभावकारी सदुपयोग हुन नसकेको, बेरुजु फर्स्यौटमा तीनै तहका सरकारले प्रयाप्त ध्यान नदिएका, संघीयताको मर्म विपरित प्रवाह भएको सशर्त अनुदानको ढाँचाले कार्यान्वयन गर्ने तहमा कार्यक्रमको स्वामित्व ग्रहण गर्न सक्ने स्थिति नदेखिएको, पूँजीगत प्रकृतिका उपकरण एवं सफ्टवेयर खरिद गर्ने तर प्रयोगमा नल्याउने प्रवृत्तिले सार्वजनिक जवाफदेहिता कमजोर वन्दै गएको, पटक पटक खरिद कानूनमा गरिएको संशोधनले खरिद व्यवस्थापनमा सुधार नदेखिएको, पहुँच र शक्तिका आधारमा हुने वजेट विनियोजन घट्न नसकेको, तहगत सरकारवीचको समन्वय कायम गर्न संवैधानिक एवं कानूनी रुपमा स्थापना गरिएका संयन्त्रहरु क्रियाशील हुन नसकेका, नागरिको जीवनस्तरमा दीगो सुधार नदेखिएको, आर्थिक स्थायित्वमा विचलन देखिएको, राष्ट्रिय उत्पादन र उत्पादकत्व बढ्न नसक्दा मुलुक परनिर्भर बन्दै गएको, अनुदानको वितरण लक्षित वर्गमा नपुग्दा उद्देश्य हासिल हुन नसकेको, सरकारको सक्षमता विनाको सामाजिक सुरक्षा कार्यक्रमले भविष्यमा यसको निरन्तरतामा प्रश्न उठ्न थालेको, स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्र निरन्तर अस्थिर बन्दै गएको धारणा राख्नु हुँदै यस्ता विषयहरुलाई वार्षिक प्रतिवेदनले ठोस विश्लेषण गरी निरन्तर उजागर गर्नुपर्ने आवश्यकतामा जोड दिनु भएको थियो ।

वैठकमा सल्लाहकार समितिका पदाधिकारीहरुले महालेखापरीक्षकको कार्यालयले सार्वजनिक आर्थिक प्रशासनका कमीकमजोरी देखाउनेमात्र नभई त्यसको समाधान गर्ने उपयुक्त नीतिगत, कानूनी तथा प्रक्रियागत सुधारका लागि सुझाव समेत आउनुपर्ने, सवै सरकारी कार्यालयले वार्षिक प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरी बेरुजुमा कमी ल्याउनुपर्ने, आर्थिक वर्षभित्रको कारोवारको यथार्थ चित्रण गर्दै मुलुकको वर्तमान आर्थिक तथा वित्तीय अवस्थाको वस्तुगत विश्लेषण हुनुपर्ने, कार्यमूलक तथा विशेष लेखापरीक्षणका विषयहरुमा वृद्धि गरिनुपर्ने, वित्तीय तथा परिपालना लेखापरीक्षणको अतिरिक्त नीति अध्ययन तथा परीक्षणमा ध्यान दिनुपर्ने, वार्षिक प्रतिवेदनको आकारलाई घटाउनुपर्ने, प्रतिवेदनले नयाँपन दिनसक्नु पर्ने, बेरुजुको सवै अंक भ्रष्टचार हो भन्ने आम बुझाईलाई हटाउन सक्नुपर्ने आवश्यकतामा जोड दिईएको थियो। कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षकज्यूले वैठकमा समितिका सदस्यज्यूहरुले आफ्नो ६ वर्षको कार्यकालमा सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा सुधार ल्याउन अमुल्य सुझाउ एवं मार्गदर्शन प्रदान गर्नु भएकोमा हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दै संस्थागत र कार्यगत क्षमता अनुरुप त्यस्ता विषयहरुलाई वार्षिक प्रतिवेदनमा समावेश गर्दै आएको भए पनि सुधार अपेक्षित रुपमा हुन नसकेको बताउनु भएको थियो ।



लेखापरीक्षण सल्लाहकार समितिको बैठकमा उपस्थित सदस्यज्यूहरु तथा कार्यालयका उप-महालेखापरीक्षकज्यूहरु नायव महालेखापरीक्षकज्यूहरु र अन्य कर्मचारीहरु ।

आर्थिक संकेत, वर्गिकरण तथा व्याख्या, २०७४ को तेस्रो परिमार्जन स्वीकृत

३० फाल्गुन, २०७९

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा अलग अलग संचित कोषको व्यवस्था गर्दै लेखाको ढाँचा संघीय कानून अनुसार महालेखापरीक्षककले तोके बमोजिम हुने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम संघीय संचित कोषको सञ्चालन गर्ने तथा तीनै तहका सरकारको कारोवारको लेखांकन, प्रतिवेदनका अतिरिक्त एकीकृत वित्तीय विवरण तयार गर्ने गराउने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ । नेपालले अन्तराष्ट्रिय मुद्रा कोषको Government Finance Statistics Manual, 2014 (GFSM,2014) लाई मूल आधार बनाएर तयार गरिएको आर्थिक संकेत तथा वर्गिकरणलाई कार्यन्वयन गर्दै आएको छ । महालेखा नियन्त्रक कार्यालयले तीन तहका सरकारको लागि तर्जुमा गरेको एकीकृत आर्थिक संकेत, वर्गिकरण र व्याख्या, २०७४ लाई २०७४ कार्तिक १ मा माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत गरिएको थियो । तत् पश्चात संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सुझावहरु, अन्तराष्ट्रिय मुद्रा कोषको फ्रेवुअरी, २०१९ मा भएको मिशनको प्रतिवेदनको सुझावहरु, सम्पत्ति तथा दायित्वको मौज्दात अवस्थाको नयाँ संकेत थप गर्नुपर्ने र सरोकारवाला निकायहरुको सुझावहरु समेतको आधारमा परिमार्जन गरी दोस्रो संशोधनका लागि माननीय महालेखापरीक्षकज्यूबाट मिति २०७६।०२।१५ मा स्वीकृत भएको थियो । यसै क्रममा GFSM, 2014 लाई अनुशरण गर्दै आर्थिक संकेत, वर्गिकरण तथा व्याख्यालाई अन्तराष्ट्रियस्तरको तुलनायोग्य बनाउन, अन्तराष्ट्रिय मुद्रा कोषको मिशनका सुझाव र मिशन समक्ष गरिएका राष्ट्रिय प्रतिवद्धता पूरा गर्न, पेफाका सुझाव तथा प्रतिवद्धता पूरा गर्न, राजस्वका नयाँ प्रकृतिका कारोवारहरुको लेखांकन गर्न, प्रचलित कानून र जि एफ एस कोड अनुकूल हुनेगरी कर र गैर करका संकेतहरुलाई समसामयिक रुपमा वर्गिकरण गर्न, प्राप्ति तथा भुक्तानीलाई समयानुकूल बनाउन, अन्तर सरकारी वित्त हस्तान्तरणको अनुदानलाई चालु र पूँजीगत समूहमा वर्गिकरण गर्न महालेखा नियन्त्रक कार्यालयले तेस्रो पटक परिमार्जन गरी स्वीकृतिका लागि माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू समक्ष पेश गरेकोमा २०७९ फाल्गुन ३० मा स्वीकृत गरिएको हो ।

सम्पादकिय...

सो मार्फत सम्बोधन गर्न सहज हुने गरी यथासमयमा पेश गर्न सफल हुनु भएको छ । यस अवधिमा संघ तथा प्रदेशका सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेत ३६ हजार ६ सय ३६ निकायको रु.३५ लाख १ हजार ८ सय ६४ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सरकारी निकायतर्फ संघ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रु.७ खर्ब ३४ अर्ब १७ करोड (२.०९ प्रतिशत) बेरुजु कायम भएको छ । यस अवधिमा लेखापरीक्षणको क्रममा तथा सम्परीक्षणबाट रु.४३ अर्ब ४० करोड असुली भई राज्यकोषमा दाखिला भएको ६ वर्षका वार्षिक लेखापरीक्षण प्रतिवेदनहरुको अध्ययनबाट देखिन्छ । वार्षिक लेखापरीक्षण प्रतिवेदनको संरचनामा सुधार ल्याउँदै ५६ औं वार्षिक प्रतिवेदन देखि लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र ५७ औं वार्षिक प्रतिवेदन देखि वर्षभरीमा कार्यालयले सम्पादन गरेका प्रमुख गतिविधिहरु समेटेर कार्यालय गतिविधिको नयाँ परिच्छेद थप गरिएको छ ।

महालेखापरीक्षकका विगत ६ वर्षका प्रतिवेदनका व्यहोराहरु विश्लेषण गर्दा स्रोत परिचालन तर्फ करको दायरा बढ्न नसकेको, आयातमाथिको राजस्वको निर्भरता घट्न नसकेको, भन्सार मूल्यांकन यथार्थपरक हुन नसकेको, मूल्यअभिवृद्धि करमा क्रेडिट रिटर्न बढेको तथा डेविट रिटर्न घट्दै गएको, राजस्व चुहावट नियन्त्रण प्रभावकारी नदेखिएको, प्रतिवद्धता अनुरुप वैदेशिक सहायता प्रशोचन क्षमतामा सुधार नदेखिएको जस्ता विषयहरु वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसैगरी बजेट व्यवस्थापनमा योजना, कार्यक्रम र वार्षिक बजेटबीच कमजोर आवद्धता, वर्षान्तमा रकमान्तर गर्ने तथा बजेट अवण्डा राख्ने प्रवृत्तिले बजेट अनुशासन कमजोर देखिएको, राष्ट्रिय बजेट प्रणाली भन्दा बाहिरबाटसमेत बजेट कार्यान्वयन हुने गरेको, सबै प्रकारका वैदेशिक सहायतालाई बजेट प्रणालीमा ल्याउन नसकेको विषयहरु रहेका छन् । योजना तर्जुमा, कार्यान्वयन र विकास व्यवस्थापन तर्फ आयोजना प्राथमिकीकरण वस्तुनिष्ठ नभएको, राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति न्यून देखिएको, लागत बढेको एवं प्रतिफल न्यून रहेको, पूर्व तयारी विनानै आयोजनाहरु बजेटमा समावेश गर्ने गरेको, योजना समयमा सम्पन्न नहुने तथा लागत र समय बढी लाग्ने गरेको, चालू खर्च बढ्दो र पूँजीगत खर्च घट्दो प्रवृत्तिमा रहेको, आयोजना बैंक प्रभावकारी नदेखिएको, जटिल प्रकारका निर्माण कार्य उपभोक्ताबाट गराएको, खरिद कानूनको पालना कमजोर देखिएको, विकास निर्माणको गुणस्तर कायम हुन नसकेको, कमजोर अनुगमन तथा मूल्यांकन र फितलो अन्तर निकाय समन्वय रहेको जस्ता विषयहरु उल्लेख गरिएको छ । त्यसैगरी सार्वजनिक सम्पत्तिको अभिलेखांकन, खरिदमा प्रतिष्पर्धा र त्यसको संरक्षण, उपयोग, मर्मत सम्भार व्यवस्थित हुन नसकेको साथै सार्वजनिक संस्थानहरुको उद्देश्य अनुरुप वस्तु तथा सेवा प्रदान गर्दै स्वायत्त, व्यावसायीक ढंगबाट नतिजान्मुख कार्यसञ्चालन हुन नसकेको उल्लेख गरिएको छ । त्यसैगरी अनौपचारिक अर्थतन्त्रमाथि नियन्त्रण कायम हुन नसकेको, आयातको तुलनामा निर्यात बढ्न नसकेको, सरकारको ऋण तथा दायित्व बढ्दै गएको, आर्थिक स्थायित्व कायम हुन नसकेको, सेवा प्रवाहमा समय, लागत, दुरी घटाउँदै नागरिक सन्तुष्टि बढ्न नसकेको, प्रशासन सुधारका सुझावको नतिजामुखी कार्यान्वयन हुन नसकेको, संघीयताको कार्यान्वयन

प्रभावकारी हुन नसकेको, प्रदेश र स्थानीय सरकारहरुको स्वायत्तता एवं आत्मनिर्भरता हासिल हुन नसकेको, तहगत सरकारवीच कमजोर समन्वय देखिएको, संघीयता कार्यान्वयनमा महत्वपूर्ण मानिएका संघीय निजामती, शिक्षा, स्वास्थ्य, प्रहरी सम्वन्धी ऐन तर्जुमा हुन नसकेका, आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण प्रभावकारी नदेखिएको जस्ता विषयहरु निरन्तर वार्षिक प्रतिवेदनमा दोहोरिएको पाईन्छ । यसरी हरेक लेखापरीक्षण वार्षिक प्रतिवेदनमा बारम्बार एउटै विषय दोहोरिनुले यसको कार्यान्वयन पक्ष कमजोर रहको देखाउँछ । लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति सम्वन्धी वार्षिक प्रतिवेदनको परिच्छेद खण्डमा उल्लिखित व्यहोरालेनै सार्वजनिक निकायहरु लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनमा त्यति जिम्मेवार र संवेदनशील हुन नसकेको देखाउँछ । महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन अनुसार हालसम्मको रकममा आधारित वेरुजु रु.५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख सहित कारवाही गरी टुंङ्गो लगाउनु पर्ने अद्यावधिक रकम रु. ९ खर्ब ५९ अर्ब ७९ करोड ७ लाख हुनु र यो बढ्दो प्रवृत्तिमा देखिनुले समेत वार्षिक प्रतिवेदनको कार्यान्वयन कमजोर रहेको पुष्टि गर्दछ । तसर्थ जबसम्म लेखापरीक्षणको वार्षिक प्रतिवेदनले औल्याएका विषयहरुको कार्यान्वयनमा सम्वन्धित सार्वजनिक निकाय वा पदाधिकारीको पर्याप्त ध्यान पुग्दैन तवसम्म लेखापरीक्षणको नतिजाले सार्थक महत्व राख्न सक्दैन । यसबाट अन्तत्वगत्वा तीनै तहका सरकारहरु माथिको नागरिकको विश्वासलाई कमजोर बनाउने भएकोले सम्वद्ध सवै पक्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनमा विशेष ध्यान जानु आवश्यक देखिन्छ ।

कार्यमूलक लेखापरीक्षण सम्वन्धी अन्तराष्ट्रिय कार्यशाला



कार्यशालामा सहभागी नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीज्यू दायाँ सहित कार्यालयका कर्मचारीहरु तथा अन्य ।

सन् २०२३ को मार्च ६ देखि १० सम्म फिलिपिन्सको मनिलामा ईण्टोसाई डेभलपमेण्ट ईनिसियटिभ (आईडिआई) र एशियाली विकास बैंकद्वारा आयोजित ISSAI Implementation Needs Assessment for Performance Audit (IINA–PA) सम्वन्धी अन्तराष्ट्रिय कार्यशालामा महालेखापरीक्षकको कार्यालयको सहभागिता रहेको थियो । यस अघि सोही आयोजकबाट अक्टोवर २०, २०२२ मा फिलिपिन्सको मनिलामानै एसिया तथा प्रशान्त क्षेत्रमा कार्यमूलक लेखापरीक्षणको सवलीकरण सम्वन्धी लिडरसिप फोरम तथा प्रतिवद्धतापत्रमा हस्ताक्षर कार्यक्रम आयोजना गरिएको थियो । सोही प्रतिवद्धता अनुसार सर्वोच्च लेखापरीक्षण संस्थामा कार्यरत कर्मचारीको क्षमता विकासमा सघाउ पुर्याउने उद्देश्यले उक्त कार्यशालाका अतिरिक्त भर्चुअल तालिमहरुको आयोजना गरिंदै आएको छ । गुणस्तरीय कार्यमूलक लेखापरीक्षणको माध्यमवाट सार्वजनिक क्षेत्रको सुशासन र सेवा प्रवाहमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुले उल्लेख्य र प्रभावकारी भूमिका खेल्न सक्ने तथ्यलाई मननगरी कार्यमूलक लेखापरीक्षणलाई थप सवल र प्रभावकारी

बनाउन संस्थागत तथा लेखापरीक्षकको तहमा क्षमता अभिवृद्धि गर्न उक्त कार्यशालालाई उपयुक्त अवसरका रुपमा लिएको थियो । सो कार्यक्रमको भ्रमणको नेतृत्व गर्नुहुने नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले कार्यशालाको सहजकर्ताको भूमिकामा सहभागिता जनाउनु भएको थियो भने निर्देशकहरु श्री रामचन्द्र ओझा, श्री कमलराज अर्याल, श्री रचना प्रधान र लेखापरीक्षण अधिकारी श्री सृजना रिमाल प्रशिक्षार्थीको रुपमा सहभागी हुनु भएको थियो । कार्यक्रममा नेपाल सहित भुटान, पपुवा न्यूगिनी, वंगलादेश, मंगोलिया र फिलिपिन्सका सर्वोच्च लेखापरीक्षण संस्थाका कर्मचारीहरु संलग्न रहेका थिए । कार्यक्रममा एशिया तथा प्रशान्त क्षेत्रका सर्वोच्च लेखापरीक्षण संस्थाहरुमा कार्यमूलक लेखापरीक्षणको विषय छनौट प्रक्रिया, लेखापरीक्षण योजना, नमुना छनौट विधि, जोखिम व्यवस्थापन, प्रश्नावली निर्माण, प्रतिवेदन तयारी जस्ता विषयमा अवलम्वन गरिएका असल अभ्यास तथा अनुभवहरुको आदानप्रदान गरिएको थियो ।

समिति गठन

१२ फाल्गुन, २०७९

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(५) तथा नियमावली २०७७ को नियम (१४) अनुसार वजेट तर्जुमा सम्वन्धी कार्यको समन्वय तथा खर्चको मापदण्ड निर्धारण गर्न महालेखापरीक्षकको कार्यालयले वजेट समिति गठन गरेको छ। यसले मध्यकालिन खर्च संरचना र बजेट तथा कार्यक्रम तर्जुमा, कार्यालयले सम्पादन गर्ने एकाईगत लागत अनुमान तर्जुमा तथा परिमार्जन जस्ता बजेट तर्जुमा सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२(१) बमोजिम आन्तरिक नियन्त्रण प्रभावकारी बनाउन एवं आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्नका लागि कार्यालयले लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति गरेको छ । यस समितिले कार्यालयबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजान्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय विवरणलाई विश्वसनीय बनाउने तथा लेखापरीक्षणबाट कायम भएका बेरुजु फर्स्यौट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्ने कार्य गर्दछ ।

वजेट समिति		
क्र.सं.	**पदाधिकारीको नाम**	**पद**
१	नायव महालेखापरीक्षक श्री बालकृष्ण थापा	अध्यक्ष
२	नायव महालेखापरीक्षक श्री रविन्द्र देवकोटा	सदस्य
३	निर्देशक श्री रमेश सुवेदी	सदस्य
४	निर्देशक श्री रामकुमार शर्मा	सदस्य
५	निर्देशक श्री रचना प्रधान	सदस्य सचिव
लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति		
१	नायव महालेखापरीक्षक श्री ईन्द्रप्रसाद आचार्य	अध्यक्ष
२	नायव महालेखापरीक्षक श्री बालकृष्ण थापा	सदस्य
३	नायव महालेखापरीक्षक श्री रविन्द्र देवकोटा	सदस्य
४	निर्देशक श्री तिलकप्रसाद सापकोटा	सदस्य
५	निर्देशक श्री नीरप्रसाद सुवेदी	सदस्य
६	निर्देशक श्री रामकुमार शर्मा	सदस्य सचिव

आईक्यानको २६ औं वार्षिक उत्सव कार्यक्रम

१७ माघ, २०७९

मुलुकको आर्थिक विकासको लागि लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक दायित्वप्रति जिम्मेवार बनाउँदै लेखा व्यवसायको विकास संरक्षण र सम्वर्द्धन गर्न स्थापित नेपाल चार्टर्ड एकान्टेन्ट संस्थाले २६ वर्ष पूरा भएको उपलक्ष्यमा वार्षिकोत्सव कार्यक्रम आयोजना गरेको थियो । उक्त अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरिएको थियो। सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले संस्थालाई शुभकामना प्रदान गर्नु हुँदै मुलुकको आवश्यकता अनुसारको लेखा व्यवसायसँग सम्वन्धित दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी संस्थाको छविलाई उँचो तुल्याउन सुझाव दिनु भएको थियो । उहाँले लेखा व्यवसायीहरु पेशागत मूल्य र आचरण प्रति जिम्मेवार र जवाफदेही भएर वित्तीय



आईक्यानको २६ औं वार्षिकोत्सव कार्यक्रममा शुभकामना मन्तव्य दिनुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।

पारदर्शिता तथा सुशासन कायम गर्न थप क्रियाशीलता प्रदर्शन गर्नुपर्ने आवश्यकता औँल्याउनु भएको थियो । पछिल्लो समय सार्वजनिक तथा निजी क्षेत्रमा मुलुकभित्र आर्थिक कारोवारको विवरण तथा प्रतिवेदन डिजिटलाईज्ड हुँदै गएको सन्दर्भमा लेखा व्यवसायीहरुले समेत सूचना प्रविधिमा आफूलाई अभ्यस्त गराउन आग्रह गर्नु भयो । कार्यक्रममा आयोजकहरुबाट संस्थाले हालसम्म सञ्चालन गरेका महत्वपूर्ण गतिविधि तथा प्राप्त उपलब्धि र संस्थाका आन्तरिक एवं वाह्य चुनौतिका सम्वन्धमा जानकारी प्रदान गरिएको थियो ।



आईक्यानका पदाधिकारीवाट माननीय महालेखापरीक्षकज्यूलाई स्वागत गर्नुहुँदै ।



आईक्यानको २६ औँ वार्षिकोत्सव कार्यक्रममा आमन्त्रित प्रमुख अतिथि तथा अतिथि र पदाधिकारीहरु ।

वार्षिक लेखापरीक्षण प्रतिवेदन तयारी समितिको गठन

१६ माघ, २०७९

नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ भने धारा २९४ मा त्यसको वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। यो वर्ष माननीय महालेखापरीक्षकज्यूबाट २०७९।४।२२ गते वार्षिक लेखापरीक्षण योजना स्वीकृत गरी लेखापरीक्षणलाई व्यवस्थित, गुणस्तरीय र निर्धारित समयमा सम्पन्न गर्न दिशानिर्देश गरेको थियो । लेखापरीक्षण योजनामा आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण कार्य श्रावणको अन्तिम हप्ताबाट प्रारम्भ गरी चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने रहेको थियो । कार्यालयले वार्षिक लेखापरीक्षण प्रतिवेदन तयार गर्दा लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धतिका अतिरिक्त महालेखापरीक्षकको भनाई, महालेखा नियन्त्रकबाट पेश गरिएको संघीय संचित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण उपर राय पेश गर्ने, लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनका आधारमा निकायगत तथा समष्टिगत बेरुजु प्रस्तुत गर्दै सुधारका विषयहरु समावेश गरेको हुन्छ । कार्यालयले वार्षिक लेखापरीक्षण प्रतिवेदन तयार गर्न २०७९।१०।१६ मा विभिन्न समितिहरु गठन गरेको थियो । खासगरी उपमहालेखापरीक्षकको नेतृत्वमा नायव महालेखापरीक्षक, निर्देशक र लेखापरीक्षण अधिकारी सम्मिलित संघ, प्रदेश, स्थानीय तह, कार्यमूलक तथा विशेष लेखापरीक्षण र संगठित संस्थाको लेखापरीक्षण प्रतिवेदन तयारी समिति र तीनै तहका सरकारको लेखापरीक्षण प्रतिवेदन वाचन तथा सम्पादन समिति गठन गरिएको छ । यसका साथै लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति, लेखापरीक्षण गरिएका निकायको विवरण, बेरुजुको स्थिति एवं अनुसूची तयारी समिति, महालेखापरीक्षकको भनाई तथा भविष्यमा गर्नुपर्ने सुधार तयारी समिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन अवस्था एवं कार्यालय गतिविधि तयारी समिति, सारांश तयारी समिति र वार्षिक प्रतिवेदन सचिवालयको गठन गरेको थियो ।

सम्माननीय सभामुखसँग भेटघाट तथा शुभकामना

११ माघ, २०७९

संघीय संसद, प्रतिनिधि सभाका नव निर्वाचित सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूसँग माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सिंहदरवारस्थित सभामुखको कार्यकक्षमा २०७९ माघ ११ गते भेटघाट कार्य गर्नुभएको छ । उक्त भेटका अवसरमा माननीय महालेखापरीक्षकज्यूले सम्माननीय सभामुखज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले यो वर्षको लेखापरीक्षणको समग्र अवस्था, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनमा संसद तथा सार्वजनिक लेखासमितिको भूमिकाका सम्वन्धमा चर्चा गर्नु भएको थियो । सो भेटमा सम्माननीय सभामुखज्यूले सबै सरकारी निकायहरुको अन्तिम लेखापरीक्षणको माध्यमबाट सुशासन प्रवर्द्धनमा महालेखापरीक्षकको कार्यालयले खेलेको भूमिका महत्वपूर्ण रहेको धारणा राख्नुहुँदै यसलाई अझ प्रभावकारी बनाउन संसदले सकारात्मक योगदान पुर्याउने र त्यसमा आफ्नो तर्फबाट सदैव सहयोग रहने विचार व्यक्त गर्नु भएको थियो ।

अक्सफोर्ड विश्वविद्यालयको सदाचार प्रवर्द्धन कार्यक्रममा सहभागिता

सन् २०२१ मा अक्सफोर्ड विश्वविद्यालयको Blavat Nik School of Government द्वारा संचालित Chandler Session, Corruption Reduction and Integrity Culture Promotion विषयमा New Generation Strategy बनाउन विश्वभरबाट सुशासन कायम गर्न गठन भएका सार्वजनिक निकायमा कार्यरत उच्च पदाधिकारीहरु मध्ये १५ जनालाई सो विश्वविद्यालयले छनौट गरेको थियो । सोही सिलसिलामा अक्सफोर्ड विश्वविद्यालयका प्रोफेसर श्री क्रिष्टोफोर स्टोनबाट २१ जुन, २०२१ मा नेपालका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल) ज्यूलाई आमन्त्रण गरिएको थियो । सो विश्वविद्यालयले सन् २०२१ देखि २०२३ सम्म प्रत्येक वर्ष जुलाई र जनावरीमा गरी वर्षको दुई पटक Chandler Session को आयोजना गर्दै आएको छ । सार्वजनिक निकायमा सदाचारको संस्कृति प्रवर्द्धन गरी समयानुकूल सुशासनको रणनीति विकास गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । अघिल्ला वर्षहरुमा विश्वव्यापी कोभिड १९ महामारीले गर्दा माननीय महालेखापरीक्षकज्यूको भर्चुअल माध्यमबाट उक्त कार्यक्रममा सहभागिता रहँदै आएको थियो । यो वर्ष सन् २०२३ जनावरी ९ देखि १३ सम्म संयुक्त अधिराज्य वेलायतको अक्सफोर्ड विश्वविद्यालयमा आयोजित कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले सहभागी भई एक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

वर्ष ६, अंक २२, २०८० बैशाख (Year 6, Issue 22 Apr/May, 2023

महालेखा नियन्त्रकबाट तीनै तहका सरकारको एकीकृत वित्तीय विवरण पेश



आर्थिक वर्ष २०७८।७९ को तिनै तहका सरकारको एकीकृत वित्तीय विवरण माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू समक्ष पेश गर्नुहुँदै महालेखानियन्त्रक श्री हरि प्रसाद मैनालीज्यू ।

१७, पुष २०७९

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू समक्ष महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ तथा नियमावलीको नियम १० बमोजिम आर्थिक वर्ष २०७८।७९ को सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चितकोष र स्थानीय सञ्चितकोष तथा अन्य सरकारीकोषको वित्तीय विवरणको आधारमा तयार पारिएको एकीकृत वित्तीय विवरण पेश गर्नु भएको थियो । नियन्त्रक श्री मैनालीले १२ वटा भागमा विभाजन गरी प्रतिवेदन तयार गरिएको जानकारी गराउनु भएको थियो । तिनीहरुमा मूल आर्थिक विवरण, संघीय सरकारको सञ्चित कोष, राजस्व, वजेट तथा खर्च, धरौटी, विविध कोष, सोधभर्ना प्राप्ति, नेपाल सरकारको ऋण दायित्व, लगानी, प्रदेश सरकारको आयव्यय, स्थानीयतहको आयव्यय र नेपाल सरकारको सम्पत्ति तथा दायित्व विवरण रहेको बताउनु भयो ।

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूबाट समयमानै एकीकृत वित्तीय विवरण तयार गरी पेश गरेकोमा महालेखा नियन्त्रक एवं प्रतिवेदन तयारीमा संलग्न कार्यालयका सबै कर्मचारीहरुलाई धन्यवाद दिनु भएको थियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियम बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको आम्दानी तथा खर्चको लेखाङ्कन, प्रतिवेदन तयारी, आन्तरिक लेखापरीक्षण र एकीकृत वित्तीय विवरण तयारी कार्य समयमै सम्पन्न गरी पेश गर्नु सह्रानीय कार्य भएको उल्लेख गर्दै पुँजिगत खर्चमा कमि आउनु, सञ्चित कोषका हिसाव ऋणात्मक हुनु, म्याद नाघेको पेश्की समयमै फर्स्यौट नहुनु, आन्तरिक तथा बाह्य ऋण बढ्दैजानु, सरकारको वास्तविक सम्पत्ति यकिन नहुनु आदि विषय गम्भिर रहेको उल्लेख गर्दै आर्थिक अनुशासन कायम गर्न सरकारको खर्च क्षमता बढाउनु पर्ने, वास्तविक सम्पत्तिको अभिलेख मर्मत संभार तथा उपयोगमा ध्यान दिनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रकृयालाई थप सुदृढीकरण गर्नुपर्ने, लेखा समूहको कर्मचारीको क्षमता विकास गरी सञ्चितकोषको खर्चलाई प्रभावकारी बनाउनुपर्ने कुरामा जोड दिनु भएको थियो ।

कार्यक्रममा महालेखा नियन्त्रक श्री मैनालीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) बमोजिम आर्थिक वर्ष २०७८।७९ को संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरु सहितको अन्य लेखाको केन्द्रीय लेखाको एकीकृत केन्द्रिय वित्तीय विवरण २०७९ कार्तिक १५ मा पेश गरेकोमा अहिलेको प्रतिवेदनको रकममा सामान्य परिवर्तन रहेको बताउनु हुँदै माननीय महालेखापरीक्षकज्यूबाट प्राप्त मार्गनिर्देशनको लागि धन्यवाद व्यक्त गर्नुभएको थियो । कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उपमहालेखापरीक्षक, नायव महालेखापरीक्षक, निर्देशक तथा अन्य कर्मचारीको सहभागिता थियो भने महालेखा नियन्त्रक कार्यालयका सहमहालेखा नियन्त्रक, उपमहालेखानियन्त्रक तथा अन्य कर्मचारीको सहभागिता रहेको थियो ।

कार्लोस पि रामोस अवार्डबाट पुरस्कृत

एशिया तथा प्रशान्त क्षेत्रका मुलुकहरुको सार्वजनिक प्रशासनको क्षेत्रमा प्राप्त ज्ञान, अनुभव तथा धारणाहरु आदान प्रदान गरी सदस्य राष्ट्रहरुको सरकारी प्रशासनलाई गतिशील तुल्याउँदै आर्थिक तथा सामाजिक विकासमा सहयोग पुर्याउने उद्देश्यले स्थापना गरिएको ईरोपा (The Eastern Regional Organization for Public Administration– Eropa) एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको रुपमा क्रियाशील रहँदै आएको छ । यसको केन्द्रीय कार्यालय फिलिपिन्सको राजधानी मनिलामा रहेको छ भने ५ वटा क्षेत्रीय केन्द्रहरु दक्षिणकोरिया, जापान, भारत, चीन र ईन्डोनेसियामा रहेका छन् । यसका वैठक, सम्मेलन तथा सेमिनारहरु सदस्य राष्ट्रहरुमा आयोजना गरिँदै आएको छ । यसै क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहभागितामा ६७ औं सम्मेलन सन् २०२२ को सेप्टेम्वर १४ देखि १५ सम्म आयोजना गरी सार्वजनिक प्रशासनका विभिन्न विषयमा खुलारुपमा कार्यपत्र प्रस्तुतीकरण गरिएको थियो । उक्त कार्यक्रममा यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री बाबुराम भुलले प्रस्तुत गर्नु भएको Reforming the Government and Public Administration in Nepal विषयक कार्यपत्र उत्कृष्ट भई कार्लोस पि रामोस अवार्ड सहित ५०० यु एस डलर नगदबाट सम्मानित हुनु भएको छ । सो कार्यक्रममा विश्वका ५५ देशका



लेखापरीक्षण अधिकारी श्री बाबुराम भुल ।

सहभागिहरुले विभिन्न विषयमा १४० वटा कार्पत्रहरु प्रस्तुत गरेका थिए । सम्मानित श्री भुललाई माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सफलताको लागि हार्दिक बधाई तथा शुभकामना प्रदान गर्नु भएको छ ।



कार्लोस पि रामोस अवार्ड ।

२०७९ मंसिरदेखि २०८० बैशाख मसान्तसम्म सञ्चालित अन्तर्राष्ट्रिय तालिम कार्यक्रममा मनोनयन तथा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
१	नायब महाले खापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	सहभागिता सम्वन्धमा	Performance Audit ISSAI Implementation Need assessment (IINA)	ASOSAI	२०७९ मंसिर १६	अनलाइन
२	निर्देशक	श्री रामचन्द्र ओझा	सहभागिता सम्वन्धमा	Performance Audit ISSAI Implementation Need assessment (IINA)	ASOSAI	२०७९ मंसिर १६	अनलाइन
३	निर्देशक	श्री कमलराज अर्याल	सहभागिता सम्वन्धमा	Performance Audit ISSAI Implementation Need assessment (IINA)	ASOSAI	२०७९ मंसिर १६	अनलाइन
४	निर्देशक	श्री रचना प्रधान	सहभागिता सम्वन्धमा	Performance Audit ISSAI Implementation Need assessment (IINA)	ASOSAI	२०७९ मंसिर १६	अनलाइन
५	ले प अधिकारी	श्री सिर्जना रिमाल	सहभागिता सम्वन्धमा	Performance Audit ISSAI Implementation Need assessment (IINA)	ASOSAI	२०७९ मंसिर १६	अनलाइन
६	नायब महाले खापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	सहभागिता सम्वन्धमा	First Regional workshop ISSAI Implementation Needs Assessment for Performance Audit	ASOSAI	६ देखि १० मार्च २०२३	भौतिक
७	निर्देशक	श्री रामचन्द्र ओझा	सहभागिता सम्वन्धमा	First Regional workshop ISSAI Implementation Needs Assessment for Performance Audit	IDI तथा ADB	६ देखि १० मार्च २०२३	भौतिक
८	निर्देशक	श्री कमलराज अर्याल	सहभागिता सम्वन्धमा	First Regional workshop ISSAI Implementation Needs Assessment for Performance Audit	IDI तथा ADB	६ देखि १० मार्च २०२३	भौतिक
९	निर्देशक	श्री रचना प्रधान	सहभागिता सम्वन्धमा	First Regional workshop ISSAI Implementation Needs Assessment for Performance Audit	IDI तथा ADB	६ देखि १० मार्च २०२३	भौतिक
१०	लेखापरीक्षण अधिकारी	श्री सिर्जना रिमाल	आवश्यक समन्वय तथा सहमति सम्बन्धमा	First Regional workshop ISSAI Implementation Needs Assessment for Performance Audit	IDI तथा ADB	६ देखि १० मार्च २०२३	भौतिक
११	नायब महाले खापरीक्षक	श्री कुमार राई	प्रतिनिधि पठाइएको सम्बन्धमा	The regional workshop on Enhancing th collaboration berween supreme Audit Institutions and Anti corruption bodies	संयुक्त राष्ट्रसंघीय लागु औषध तथा अपराधनियन्त्रण कार्यालय	१४ देखि १६ मार्च २०२३	भौतिक
	नायब महाले खापरीक्षक	श्री नारायण एम सि	सहभागिता सम्वन्धमा	ASOSAI Strategic Plan 2022-2027	थाइल्याण्डको सर्वोच्च ले खापरीक्षण संस्था	28 Feb. 2023	online
१२	नायब महाले खापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	सहभागिता सम्वन्धमा	ASOSAI Strategic Plan 2022-2027	थाइल्याण्डको सर्वोच्च ले खापरीक्षण संस्था	28 Feb. 2023	online

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
१३	नायब महाले खापरीक्षक	श्री हुमनाथ सुवेदी	सहभागिता सम्वन्धमा	ASOSAI Strategic Plan 2022-2027	थाइल्याण्डको सर्वोच्च ले खापरीक्षण संस्था	28 Feb. 2023	online
१४	नायब महाले खापरीक्षक	श्री रविन्द्र देवकोटा	सहभागिता सम्वन्धमा	ASOSAI Strategic Plan 2022-2027	थाइल्याण्डको सर्वोच्च ले खापरीक्षण संस्था	28 Feb. 2023	online
१५	निर्देशक	श्री रचना प्रधान	सहभागिता सम्वन्धमा	ASOSAI Strategic Plan 2022-2027	थाइल्याण्डको सर्वोच्च ले खापरीक्षण संस्था	28 Feb. 2023	online
१६	निर्देशक	श्री लेख वहादुर थापा	सहभागिता सम्वन्धमा	ASSOSAI Seminar	Office of international affairs Board-er Audit of Japan	7, 14, 15 Feb. 2023	online
१७	निर्देशक	श्री विष्णु प्रसाद पौड्याल	सहभागिता सम्वन्धमा	ASSOSAI Seminar	Office of international affairs Board-er Audit of Japan	7, 14, 15 Feb. 2023	online
१८	लेखापरीक्षण अधिकारी	श्री पिंकिकुमारी दास	सहभागिता सम्वन्धमा	ASSOSAI Seminar	Office of international affairs Board-er Audit of Japan	7, 14, 15 Feb. 2023	online
१९	उप महालेखापरीक्षक	श्री राममायाँ कुँवर	मनोनयन सम्वन्धमा	Annual Meeting	AZBRBAIJAN BAKU	23-24 May 2023	भौतिक
२०	नायब महाले खापरीक्षक	श्री शंकरप्रसाद पन्थी	सहभागिता सम्वन्धमा	अध्ययन	IDI And Board of Audit of Japan	23 March 2023 to 25 January	Online
२१	निर्देशक	श्री कल्पना अर्याल	सहभागिता सम्वन्धमा	अध्ययन	IDI And Board of Audit of Japan	23 March 2023 to 25 January	Online
२२	नायब महाले खापरीक्षक	श्री श्याम प्रसाद भण्डारी	मनोनयन सम्वन्धमा	EFA Changemakers 2023-2024 अध्ययन	IDI	23 March 2023 to 24 October	Online
२३	निर्देशक	श्री सिर्जना रिमाल	मनोनयन सम्वन्धमा	EFA Changemakers 2023-2024 अध्ययन	IDI	23 March 2023 to 24 October	Online
२४	नायब महाले खापरीक्षक	श्री वालकृष्ण थापा	सहभागिता सम्वन्धमा	Sharing Audit Case on Natu-ral Disasters Risk Reduction	दक्षिण कोरि याको सर्वोच्च लेखापरीक्षण संस्था	26 April 2023	Online
२५	नायब महाले खापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	सहभागिता सम्वन्धमा	Sharing Audit Case on Natu-ral Disasters Risk Reduction	दक्षिण कोरि याको सर्वोच्च लेखापरीक्षण संस्था	26 April 2023	Online
२६	निर्देशक	श्री प्रमोद कुमार के सी	सहभागिता सम्वन्धमा	Sharing Audit Case on Natu-ral Disasters Risk Reduction	दक्षिण कोरि याको सर्वोच्च लेखापरीक्षण संस्था	26 Apr 2023	Online

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
२७	निर्देशक	श्री दुर्गा वहादुर वस्नेत	सहभागिता सम्वन्धमा	Sharing Audit Case on Natural Disasters Risk Reduction	दक्षिण कोरियाको सर्वोच्च लेखापरीक्षण संस्था	26 Apr 2023	Online
२८	निर्देशक	श्री कमलराज अर्याल	सहभागिता सम्वन्धमा	Sharing Audit Case on Natural Disasters Risk Reduction	दक्षिण कोरियाको सर्वोच्च लेखापरीक्षण संस्था	26 Apr 2023	Online
२९	निर्देशक	श्री रामचनद्र ओझा	सहभागिता सम्वन्धमा	Sharing Audit Case on Natural Disasters Risk Reduction	दक्षिण कोरियाको सर्वोच्च लेखापरीक्षण संस्था	26 Apr 2023	Online
३०	निर्देशक	श्री रचना प्रधान	सहभागिता सम्वन्धमा	Sharing Audit Case on Natural Disasters Risk Reduction	दक्षिण कोरियाको सर्वोच्च लेखापरीक्षण संस्था	26 Apr 2023	Online

२०७९ मंसिरदेखि २०८० बैशाख मसान्तसम्म सञ्चालित राष्ट्रिय तालिम कार्यक्रममा मनोनयन तथा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
१	उप महालेखापरीक्षक	श्री महेश्वर काफ्ले	सहभागिता सम्बन्धमा	नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तेस्रो पारस्परिक मुल्यांकन कार्य अन्तर्गत Onsite visit	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२०७९।८।१९ देखि २०७९।९।१	भौतिक
२	निर्देशक	श्री कमल सिलवाल	सहभागिता सम्बन्धमा	नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तेस्रो पारस्परिक मुल्यांकन कार्य अन्तरगत Onsite visit	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२०७९।८।१९ देखि २०७९।९।१	भौतिक
३	लेखापरीक्षण अधिक्षक	श्री महेश कुमार बम्म	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
४	लेखापरीक्षण अधिक्षक	श्री रमेश भण्डारी	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि ८।२६	भौतिक
५	लेखापरीक्षण अधिक्षक	श्री सुरेस लामिछाने	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
६	लेखापरीक्षण अधिक्षक	श्री साजन अधिकारी	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
७	लेखापरीक्षण अधिक्षक	श्री नवराज पौडेल	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
८	लेखापरीक्षण अधिक्षक	श्री गणेश लिम्बु	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
९	लेखापरीक्षण अधिक्षक	श्री रंजित कुमार साह	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
१०	लेखापरीक्षण अधिक्षक	श्री प्रतिमाकुमारी दास	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
११	लेखापरीक्षण अधिक्षक	श्री सावित्री तिमल्सीना	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
१२	लेखापरीक्षण अधिक्षक	श्री दिपकराज खनाल	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
१३	लेखापरीक्षण अधिक्षक	श्री हिरा वहादुर जि.सी	सहभागिता सम्बन्धमा	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।८।१८ देखि २०७९।८।२६	भौतिक
१४	नायव महाले खापरीक्षक	श्री पदमराज पौडेल	मनोनयन	UNDP Funded Project हरुको सन् २०२२ मा गरिएका क्रियाकलापको लेखापरीक्षण सम्बन्धी वैठक	UN Conference Hall पुल्चोक	२०७९ माघ १६	भौतिक
१५	नायव महाले खापरीक्षक	श्री वैकुण्ठ वहादुर अधिकारी	मनोनयन	UNDP Funded Project हरुको सन् २०२२ मा गरिएका क्रियाकलापको लेखापरीक्षण सम्बन्धी वैठक	UN Conference Hall पुल्चोक	२०७९ माघ १६	भौतिक
१६	नायव महाले खापरीक्षक	श्री घनश्याम पराजुली	मनोनयन	UNDP Funded Project हरुको सन् २०२२ मा गरिएका क्रियाकलापको लेखापरीक्षण सम्बन्धी वैठक	UN Conference Hall पुल्चोक	२०७९ माघ १६	भौतिक
१७	नायव महाले खापरीक्षक	श्री नेत्र कुमार खत्री	मनोनयन	UNDP Funded Project हरुको सन् २०२२ मा गरिएका क्रियाकलापको लेखापरीक्षण सम्बन्धी वैठक	UN Conference Hall पुल्चोक	२०७९ माघ १६	भौतिक
१८	नायव महाले खापरीक्षक	श्री इन्द्र प्रसाद आचार्य	मनोनयन	UNDP Funded Project हरुको सन् २०२२ मा गरिएका क्रियाकलापको लेखापरीक्षण सम्बन्धी वैठक	UN Conference Hall पुल्चोक	२०७९ माघ १६	भौतिक
१९	निर्देशक	श्री युवराज अधिकारी	प्रशिक्षक उपलब्ध गराइएको	लेखापरीक्षण वेरुजु र सरकारी बांकी रकम सम्बन्धी क्षामता विकास कार्यक्रम	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	२०७९।१०।२४ देखि ११।३ सम्म	भौतिक
२०	निर्देशक	श्री कुलचन्द्र भण्डारी	प्रशिक्षक उपलब्ध गराइएको	लेखापरीक्षण वेरुजु र सरकारी बांकी रकम सम्बन्धी क्षामता विकास कार्यक्रम	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	२०७९।१०।२४ देखि ११।३ सम्म	भौतिक

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
२१	निर्देशक	श्री नीर प्रसाद सुवेदी	प्रशिक्षक उपलब्ध गराइएको	लेखापरीक्षण वेरुजु र सरकारी बांकी रकम सम्बन्धी क्षामता विकास कार्यक्रम	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	२०७९।१०।२४ देखि ११।३ सम्म	भौतिक
२२	निर्देशक	श्री दुर्गा प्रसाद पन्थी	प्रशिक्षक उपलब्ध गराइएको	लेखापरीक्षण वेरुजु र सरकारी बांकी रकम सम्बन्धी क्षमता विकास कार्यक्रम	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	२०७९।१०।२४ देखि ११।३ सम्म	भौतिक
२३	लेखापरीक्षण अधिकारी	श्री प्रितम बागदास	मनोनयन गरिएको सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि १२।२०	भौतिक
२४	लेखापरीक्षण अधिकारी	श्री इन्द्र बहादुर अधिकारी		सेवाकालिन तालिम		२०७९।११।१० देखि १२।२०	भौतिक
२५	लेखापरीक्षण अधिकारी	श्री लुम बिक्रम शाह		सेवाकालिन तालिम		२०७९।११।१० देखि १२।२०	भौतिक
२६	लेखापरीक्षण अधिकारी	श्री अजय कुमार गप्ता		सेवाकालिन तालिम		२०७९।११।१० देखि १२।२०	भौतिक
२७	लेखापरीक्षण अधिकारी	श्री सुदन कुमार पोखरेल		सेवाकालिन तालिम		२०७९।११।१० देखि १२।२०	भौतिक
२८	लेखापरीक्षण अधिकारी	श्री धरणीधर दाहाल		सेवाकालिन तालिम		२०७९।११।१० देखि १२।२०	भौतिक
२९	निर्देशक	श्री नीर प्रसाद सुवेदी	प्रशिक्षक उपलब्ध गराइएको	पालिकाको वडा अध्यक्ष प्राविधिक वडा सचिव शाखा प्रमुखहरुलाइ वेरुजु फर्स्यौट र NAMS सम्बन्धी अभिमुखीकरण	महालक्ष्मी नगर पालिका	२०७९।११।११	भौतिक
३०	निर्देशक	श्री लोकनाथ घिमिरे	प्रशिक्षक उपलब्ध गराइएको	विराटनगरमा संचालन हुने क्षमता अभिवृद्धि तालिम	विराटनगर	२०७९।११।१४	भौतिक
३१	निर्देशक	श्रीधर प्रसाद पन्त	कार्यशाला कार्यक्रममा सहभागी	Public Finance Management विषयक कार्यशाला	अर्थ मन्त्रालय	१४ र १५ मार्च २०२३	भौतिक
३२	निर्देशक	श्री लेख वहादुर थापा	कार्यशाला कार्यक्रममा सहभागी		अर्थ मन्त्रालय	१४ र १५ मार्च २०२३	भौतिक
३३	लेखापरीक्षण अधिकारी	श्री पिंकि कुमारी दास	कार्यशाला कार्यक्रममा सहभागी		अर्थ मन्त्रालय	१४ र १५ मार्च २०२३	भौतिक
३४	निर्देशक	श्री महेश पौडेल	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० दखि २०७९।१२।२० सम्म	भौतिक
३५	निर्देशक	श्री युवराज अधिकारी	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० दखि २०७९।१२।२० सम्म	भौतिक
३६	निर्देशक	श्री अनन्त प्रसाद तिवारी	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० दखि २०७९।१२।२० सम्म	भौतिक

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
३७	निर्देशक	श्री नेत्र प्रसाद पौडेल	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि २०७९।१२।२० सम्म	भौतिक
३८	निर्देशक	श्री विष्णु प्रसाद खनाल	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि २०७९।१२।२० सम्म	भौतिक
३९	निर्देशक	श्री कुलचन्द्र भण्डारी	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि २०७९।१२।२० सम्म	भौतिक
४०	निर्देशक	श्री कृष्ण प्रसाद ज्ञवाली	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि २०७९।१२।२० सम्म	भौतिक
४१	निर्देशक	श्री दुर्गा बहादुर बस्नेत	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि २०७९।१२।२० सम्म	भौतिक
४२	निर्देशक	श्री नीर प्रसाद सुवेदी	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि २०७९।१२।२० सम्म	भौतिक
४३	निर्देशक	श्री शालिकराम घिमिरे	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१० देखि २०७९।१२।२० सम्म	भौतिक
४४	निर्देशक	श्री रमेश सुवेदी	प्रशिक्षार्थी मनोनयन	Training of Trainers Program TOT	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१७ देखि २०७९।११।१४	भौतिक
४५	निर्देशक	श्री रचना प्रधान	प्रशिक्षार्थी मनोनयन	Training of Trainers Program TOT	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।११।१७ देखि २०७९।११।१४	भौतिक
४६	लेखापरीक्षण अधिकारी	श्री छत्रनाथ शर्मा गैरे	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
४७	लेखापरीक्षण अधिकारी	श्री संगिता फुयाल	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
४८	लेखापरीक्षण अधिकारी	श्री कृष्ण प्रसाद दाहाल	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
४९	लेखापरीक्षण अधिकारी	श्री रामजतन ठाकुर	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५०	लेखापरीक्षण अधिकारी	श्री टेक बहादुर जिसी	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५१	लेखापरीक्षण अधिकारी	श्री भुपेन्द्र कुमार बस्नेत	सहभागिता सम्बन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
५२	लेखापरीक्षण अधिकारी	श्री प्रदिप चालिसे	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५३	लेखापरीक्षण अधिकारी	श्री महेश श्रेष्ठ	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५४	लेखापरीक्षण अधिकारी	श्री दिपक आचार्य	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५५	लेखापरीक्षण अधिकारी	श्री सुनिता आचार्य	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५६	लेखापरीक्षण अधिकारी	श्री भावना पौडेल	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५७	लेखापरीक्षण अधिकारी	श्री राजेश श्रेष्ठ	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५८	लेखापरीक्षण अधिकारी	श्री शैलेन्द्र काकीं	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
५९	लेखापरीक्षण अधिकारी	श्री निलम साह	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६०	लेखापरीक्षण अधिकारी	श्री श्रुतिकुमारी झा	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६१	लेखापरीक्षण अधिकारी	श्री हरि प्रसाद पाठक	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६२	लेखापरीक्षण अधिकारी	श्री नेत्र प्रसाद गौतम	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६३	लेखापरीक्षण अधिकारी	श्री प्रकाश के.सी.	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६४	लेखापरीक्षण अधिकारी	श्री रमेश उपाध्याय	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६५	लेखापरीक्षण अधिकारी	श्री भिमप्रसाद रिजाल	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६६	लेखापरीक्षण अधिकारी	श्री दिनेश बराल	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६७	लेखापरीक्षण अधिकारी	श्री त्रिलोचन भतराई	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको प्रकृति	आयोजक	अवधि	कैफियत
६८	लेखापरीक्षण अधिकारी	श्री दिपकबहादुर सिंह	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
६९	लेखापरीक्षण अधिकारी	श्री जानकी भण्डारी	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७०	लेखापरीक्षण अधिकारी	श्री विवेकानन्द झा	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७१	लेखापरीक्षण अधिकारी	श्री बाबुराम भुल	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७२	लेखापरीक्षण अधिकारी	श्री सरस्वती थापा	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७३	लेखापरीक्षण अधिकारी	श्री डिल्ली बहादुर ओली	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७४	लेखापरीक्षण अधिकारी	श्री नर बहादुर खत्री	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७५	लेखापरीक्षण अधिकारी	श्री रामकृष्ण पो खरेल	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७६	लेखापरीक्षण अधिकारी	श्री जगतबहादुर बोगटी	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक
७७	लेखापरीक्षण अधिकारी	श्री कविता चौधरी	सहभागिता सम्वन्धमा	सेवाकालिन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८०।०१।२७ देखि	भौतिक

२०७९ मंसिर देखि २०८० वैशाखसम्म खुल्ला प्रतिस्पर्धात्मक परीक्षाबाट नयाँ नियुक्ति भएका कर्मचारीहरुको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	नियुक्ति मिति
१	नायब महालेखापरीक्षक	श्री श्यामप्रसाद भण्डारी	२०७९।१२।१०
२	लेखापरीक्षण अधिकारी	श्री हेमराज तिमिल्सेना	२०७९।१०।९
३	लेखापरीक्षण अधिकारी	श्री अम्बिका गौतम	२०७९।१०।२३
४	लेखापरीक्षण अधिकारी	श्री विशाल घिमिरे	२०७९।१०।२३
५	लेखापरीक्षण अधिकारी	श्री भरत भट्टराई	२०७९।१०।२३
६	लेखापरीक्षण अधिकारी	श्री सुनिल भण्डारी	२०७९।१०।२३
७	लेखापरीक्षण अधिकारी	श्री शिव शर्मा	२०७९।१०।२३
८	लेखापरीक्षण अधिकारी	श्री सुमन राउत	२०७९।१०।२३
९	लेखापरीक्षण अधिकारी	श्री राजेन्द्रकुमार शाही	२०७९।१०।२३
१०	लेखापरीक्षण अधिकारी	श्री अनिल झा	२०७९।१०।२३
११	लेखापरीक्षण अधिकारी	श्री विनोद अर्याल	२०७९।१०।२३

क्र.सं.	पद	कर्मचारीको नाम	नियुक्ति मिति
१२	लेखापरीक्षण अधिकारी	श्री सन्तोष पाण्डे	२०७९।१०।२३
१३	लेखापरीक्षण अधिकारी	श्री अशोक रिजाल	२०७९।१०।२३
१४	लेखापरीक्षण अधिकारी	श्री प्रमिला दाहाल	२०७९।१०।२३
१५	लेखापरीक्षण अधिकारी	श्री अनिरा थापा	२०७९।१०।२३
१६	लेखापरीक्षण अधिकारी	श्री जानकी न्यौपाने	२०७९।१०।२३
१७	लेखापरीक्षण अधिकारी	श्री किरण गुरुङ	२०७९।१०।२३
१८	लेखापरीक्षण अधिकारी	श्री शम्भु कुमार सिंह	२०७९।१०।२३
१९	लेखापरीक्षण अधिकारी	श्री राजु श्रेष्ठ	२०७९।१०।२३
२०	लेखापरीक्षण अधिकारी	श्री रेशम बहादुर सुनार	२०७९।१०।२३
२१	लेखापरीक्षण अधिक्षक	श्री महेश कुमार बम	२०७९।८।९
२२	लेखापरीक्षण अधिक्षक	श्री रमेश भण्डारी	२०७९।८।९
२३	लेखापरीक्षण अधिक्षक	श्री सुरेस लामिछाने	२०७९।८।९
२४	लेखापरीक्षण अधिक्षक	श्री साजन अधिकारी	२०७९।८।९
२५	लेखापरीक्षण अधिक्षक	श्री नवराज पौडेल	२०७९।८।९
२६	लेखापरीक्षण अधिक्षक	श्री गणेश लिम्बु	२०७९।८।९
२७	लेखापरीक्षण अधिक्षक	श्री रंजित कुमार साह	२०७९।८।९
२८	लेखापरीक्षण अधिक्षक	श्री प्रतिमाकुमारी दास	२०७९।८।९
२९	लेखापरीक्षण अधिक्षक	श्री सावित्री तिमल्सीना	२०७९।८।९
३०	लेखापरीक्षण अधिक्षक	श्री दिपकराज खनाल	२०७९।८।९
३१	लेखापरीक्षण अधिक्षक	श्री हिराबहादुर जि.सी.	२०७९।८।९
३२	लेखापरीक्षण अधिक्षक	श्री अस्मिता भट्टराई	२०७९।१२।१
३३	लेखापरीक्षण अधिक्षक	श्री लखन भट्ट	२०७९।१२।१
३४	लेखापरीक्षण अधिक्षक	श्री कुमारी ममता पन्त	२०७९।१२।१
३५	लेखापरीक्षण अधिक्षक	श्री देवकुमार महतो	२०७९।१२।१
३६	लेखापरीक्षण अधिक्षक	श्री श्रीधरप्रसाद गौतम	२०७९।१२।१
३७	लेखापरीक्षण अधिक्षक	श्री केशव प्रसाद धिताल	२०८०।१।४
३८	लेखापरीक्षण अधिक्षक	श्री सुमनचन्द्र पन्त	२०८०।१।४
३९	लेखापरीक्षण निरीक्षक	श्री महेन्द्र के.सी.	२०८०।१।१५
४०	लेखापरीक्षण निरीक्षक	श्री करुण खतिवडा	२०८०।१।१५
४१	लेखापरीक्षण निरीक्षक	श्री हिमांशु जोशी	२०८०।१।१५
४२	लेखापरीक्षण निरीक्षक	श्री रोशनी नेपाली	२०८०।१।१५
४३	लेखापरीक्षण निरीक्षक	श्री मिलन सारुमगर	२०८०।१।१५
४४	लेखापरीक्षण निरीक्षक	श्री सुनिल परियार	२०८०।१।१५

२०७९ मंसिर देखि २०८० वैशाखसम्म जेष्ठता, कार्यक्षमताको मूल्यांकन र आन्तरिक प्रतिष्पर्धात्मक परीक्षाबाट वढुवा नियुक्ति भएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	नियुक्ति मिति
१	नायब महालेखापरीक्षक	श्री जयराम घिमिरे	२०७९।१०।१४
२	नायब महालेखापरीक्षक	श्री नारायणप्रसाद पराजुली	२०७९।१०।१४
३	नायब महालेखापरीक्षक	श्री रविन्द्रप्रसाद देवकोटा	२०७९।१०।२०
४	नायब महालेखापरीक्षक	श्री छत्रपति निरौला	२०७९।१०।२०
५	निर्देशक	श्री रामबाबु पन्त	२०७९।११।४
६	निर्देशक	श्री जनार्दन घिमिरे	२०७९।११।४

क्र.सं.	पद	कर्मचारीको नाम	नियुक्ति मिति
७	निर्देशक	श्री यज्ञप्रसाद वस्ती	२०७९।११।४
८	निर्देशक	श्री शालिकराम पोखरेल	२०७९।११।४
९	निर्देशक	श्री राजेश कुमार पोखरेल	२०७९।११।४
१०	निर्देशक	श्री विनोद पोखेल	२०७९।११।४
११	निर्देशक	श्री ठाकुर प्रसाद पण्डित	२०७९।११।४
१२	निर्देशक	श्री बद्री प्रसाद नेपाल	२०७९।११।४
१३	निर्देशक	श्री कृष्ण प्रसाद पौडेल	२०७९।११।१७
१४	निर्देशक	श्री चेत बहादुर पण्डित	२०७९।११।१७
१५	निर्देशक	श्री बैभवदीप श्रेष्ठ	२०७९।११।१७
१६	निर्देशक	श्री सिर्जना रिमाल	२०७९।११।१७
१७	निर्देशक	श्री प्रमोदकुमार मण्डल	२०७९।११।१७
१८	निर्देशक	श्री नृपराज जोशी	२०७९।११।१७
१९	निर्देशक	श्री नमुना पाण्डे	२०७९।११।१७
२०	लेखापरीक्षण अधिकारी	श्री संगिता शर्मा	२०७९।१२।१७
२१	लेखापरीक्षण अधिकारी	श्री प्रकाश भट्टराई	२०७९।१२।१७
२२	लेखापरीक्षण अधिकारी	श्री हेमन्त वि.क.	२०७९।१२।१७
२३	लेखापरीक्षण अधिकारी	श्री सत्यराज जोशी	२०७९।१२।१७
२४	लेखापरीक्षण अधिकारी	श्री विष्णु बहादुर राई	२०७९।१२।१७
२५	लेखापरीक्षण अधिकारी	श्री करणकुमार ठाकुर	२०७९।१२।१७
२६	लेखापरीक्षण अधिकारी	श्री अबिन नौबाध	२०७९।१२।१७
२७	लेखापरीक्षण निरीक्षक	श्री महेश पाण्डे	२०८०।१।१५
२८	लेखापरीक्षण निरीक्षक	श्री गोपाल बहादुर कार्की	२०८०।१।१५
२९	निर्देशक	श्री अभिराज डाँगी	२०८०।१।२४
३०	निर्देशक	श्री छविलाल मैनाली	२०८०।१।२४
३१	निर्देशक	श्री राज कुमार बोहरा	२०८०।१।२४
३२	निर्देशक	श्री सर्वदा पण्डित	२०८०।१।२४
३३	निर्देशक	श्री रोशन दास	२०८०।१।२४

२०७९ मंसिर देखि २०८० वैशाखसम्म अवकाश भएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	अवकास मिति	कैफियत
१	निर्देशक	श्री रमेश बाबु केसी	२०७९।८।९	अनिवार्य अवकाश
२	लेखापरीक्षण अधिकारी	श्री विजय महर्जन	२०७९।८।१५	अनिवार्य अवकाश
३	नायव महालेखापरीक्षक	श्री शम्भु कुमार श्रेष्ठ	२०७९।८।१५	अनिवार्य अवकाश
४	लेखापरीक्षण अधीक्षक	श्री विजय लिम्बु	२०७९।९।२१	राजिनामा
५	कार्यालय सहयोगी	श्री सुमन चन्द्र घिमिरे	२०७९।१२।२१	राजिनामा
६	निर्देशक	श्री शिवराम गुरौ	२०७९।१२।१०	अनिवार्य अवकाश
७	नायव महालेखापरीक्षक	श्री त्रिलोचन आचार्य	२०७९।१२।१०	अनिवार्य अवकाश
८	लेखापरीक्षण अधिकारी	श्री राम केशर खत्री	२०७९।१०।९	अनिवार्य अवकाश
९	लेखापरीक्षण अधिकारी	श्री शिर्षक ढकाल	२०७९।१०।१	राजिनामा
१०	नायव महालेखापरीक्षक	श्री छत्रपति निरौला	२०७९।११।२८	अनिवार्य अवकाश

२०७९ मंसिर देखि चैत्र मसान्तसम्म रमाना भई आएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई आएको मिति
१	लेखापरीक्षण अधिक्षक	श्री प्रतिमाकुमारी दास	२०७९।८।९
२	लेखापरीक्षण अधिक्षक	श्री नवराज पौडेल	२०७९।८।९
३	लेखापरीक्षण अधिक्षक	श्री साजन अधिकारी	२०७९।८।९
४	लेखापरीक्षण अधिक्षक	श्री सुरेस लामिछाने	२०७९।८।९
५	सहायक कम्प्यूटर अपरेटर	श्री रंजिता कुमारी	२०८०।१।१४
६	लेखापरीक्षण अधिक्षक	श्री देवकुमार महतो	२०७९।१२।१
८	लेखापरीक्षण अधिकारी	श्री विशाल घिमिरे	२०७९।१०।२३
९	लेखापरीक्षण अधिकारी	श्री अम्बिका गौतम	२०७९।१०।२३
१०	लेखापरीक्षण अधिकारी	श्री विशाल घिमिरे	२०७९।१०।२३
११	लेखापरीक्षण अधिकारी	श्री सुनिल भण्डारी	२०७९।१०।२३
१२	लेखापरीक्षण अधिकारी	श्री शिव शर्मा	२०७९।१०।२३
१३	लेखापरीक्षण अधिकारी	श्री सुमन राउत	२०७९।१०।२३
१४	लेखापरीक्षण अधिकारी	श्री राजेन्द्रकुमार शाही	२०७९।१०।२३
१५	लेखापरीक्षण अधिकारी	श्री अनिल झा	२०७९।१०।२३
१६	लेखापरीक्षण अधिकारी	श्री विनोद अर्याल	२०७९।१०।२३
१७	लेखापरीक्षण अधिकारी	श्री सन्तोष पाण्डे	२०७९।१०।२३
१८	लेखापरीक्षण अधिकारी	श्री अशोक रिजाल	२०७९।१०।२३
१९	लेखापरीक्षण अधिकारी	श्री प्रमिला दाहाल	२०७९।१०।२३
२०	लेखापरीक्षण अधिकारी	श्री अनिरा थापा	२०७९।१०।२३
२१	लेखापरीक्षण अधिकारी	श्री जानकी न्यौपाने	२०७९।१०।२३
२२	लेखापरीक्षण अधिकारी	श्री किरण गुरुङ	२०७९।१०।२३
२३	लेखापरीक्षण अधिकारी	श्री राजु श्रेष्ठ	२०७९।१०।२३
२५	लेखापरीक्षण अधिकारी	श्री रेशम बहादुर सुनार	२०७९।११।१
२६	लेखापरीक्षण निरीक्षक	श्री महेश पाण्डे	२०८०।१।१७
२७	लेखापरीक्षण निरीक्षक	श्री गोपाल बहादुर कार्की	२०८०।१।१७
२८	निर्देशक	श्री अभिराज डाँगी	२०८०।१।२४
२९	निर्देशक	श्री राज कुमार बोहरा	२०८०।१।२४
३०	निर्देशक	श्री सर्वदा पण्डित	२०८०।१।२४

२०७९ मंसिर २०८० वैशाखसम्म रमाना भई गएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई गएको मिति
१	लेखापरीक्षण अधीक्षक	श्री मनिषा कुमारी	२०७९।१०।२३
२	लेखापरीक्षण अधीक्षक	श्री रंगनाथ देवकोटा	२०७९।१०।२३
३	लेखापरीक्षण अधीक्षक	श्री रमेश अधिकारी	२०७९।१०।२३

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००१ असार २२

स्वर्गारोहण:
वि.सं.
२०७९ फागुन ६

स्व. धर्मकला ढकाल

यस कार्यालयका निर्देशक श्री दिपेन्द्र ढकालज्यूका पूजनीय आमा धर्मकला ढकालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१८

स्वर्गारोहण:
वि.सं.
२०७९ पुष २३

स्व. श्री प्रसाद नुनिया

यस कार्यालयका लेखापरीक्षण अधीक्षक श्री ललन कुमार महतोका पूजनीय बुवा श्री प्रसाद नुनियाको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००२ चैत्र १२

स्वर्गारोहण:
वि.सं.
२०७९ पौष २३

स्व. राजेन्द्र प्रसाद पोखरेल

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री बबिता पोखरेलज्यूका पूजनीय सशुरा बुवा राजेन्द्र प्रसाद पोखरेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००५ मंसिर ५

स्वर्गारोहण:
वि.सं.
२०७९ पौष २०

स्व. छविलाल आचार्य

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री दीपक राज आचार्यज्यूका पूजनीय बुवा छविलाल आचार्यको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१९ माघ १५

स्वर्गारोहण:
वि.सं.
२०७९ पौष ०३

स्व. तुल्सी राउत अहिर

यस कार्यालयका लेखापरीक्षण अधीक्षक श्री ब्रहमा प्रसाद यादवज्यूका पूजनीय बुवा तुल्सी राउत अहिरको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९८२

स्वर्गारोहण:
वि.सं.
२०७९ मंसिर ११

स्व. नर बहादुर ठकुरी

यस कार्यालयका कार्यालय सहयोगी श्री केशव बहादुर ठकुरीज्यूका पूजनीय बुवा नर बहादुर ठकुरीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०२२

स्वर्गारोहण:
वि.सं.
२०७९ कार्त्तिक २४

स्व. शान्ता कुमारी राई

यस कार्यालयका लेखापरीक्षण अधीक्षक श्री प्रमोद राईज्यूका पूजनीय माता शान्ता कुमारी राईको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार